संविधानले व्यवस्था गरेका नागरिकका कर्तव्यहरू
- राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,
जस्ता नागरिक कर्तव्यको पालना गरौं, जिम्मेवार नागरिकको परिचय दिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- वर्षापछिको चर्को घाम छ। गर्मी असह्य भएकोले आवश्यक नभई बाहिर ननिस्कौं । कीरा-फटयाङ्ग्रा तथा लामखुट्टे जन्मने बेला पनि यही हो।
- अहिले लामखुट्टेबाट हुने डेङ्गु रोगको बिगबिगी छ।
- हिलो, फोहर भयो भने लामखुट्टे हुर्कन्छ, समयमै चेत गरौं, घर-शहर सफा राखौं।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज ०७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 23 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३६

## नदीजन्य पदार्थको ठेक्का लागेन, अवैध उत्खनन जारी

प्रमोद यादव, पंचगावाँ, ६ असोज/

पर्सा जिल्लाका खोलाहरूको ठेक्का


तस्वीर: प्रतीक

लाग्न नसक्दा नदीजन्य पदार्थको अवैध उत्खनन तीव्र गतिमा भइरहेको छ । प्रत्येक वर्ष सरकारले असार १ गतेदेखि भदौ मसान्तसम्मको लागि नदीजन्य पदार्थको उत्खननमा रोक लगाउँदै आएको छ ।

यो अवधिमा प्राविधिक टोलीले नदीजन्य पदार्थको मूल्याङ्कन गर्ने र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेका पालिकाहरूलाई नदीजन्य पदार्थको उत्खननका लागि इजाजत प्रदान गर्ने गर्छ । एकपटक प्रारम्भिक वतावरणीय परीक्षण प्रतिवेदन तयार गरेको पालिकाले दुई वर्षसम्म नदीजन्य पदार्थको उत्खनन गर्नको लागि ठेक्का लगाउन सक्छ। अहिले सरकारले रोक लगाएको अवधि सकिएको छ तर पनि पर्सा जिल्लाका पालिकाहरूले आफूमातहतका नदीहरूको ठेक्का लगाउन सकेका छैनन् ।

ठेक्का लगाउन नसक्दा जेठ मसान्तदेखि रोकिएको नदीजन्य पदार्थको अवैध उत्खनन भने जारी छ । पर्सा जिल्लामा वीरगंज महानगरपालिका अन्तर्गत भेडाहा खोला, पर्सागढी नपा अन्तर्गत कर्जनिया र सिंघाही, सखुवाप्रसौनी, पटेर्वासुगौली अन्तर्गत जमुनिया, पटेर्वासुगौली, जीराभवानी अन्तर्गत भलुवाही, पटेर्वासुगौली अन्तर्गत गादी, जीराभवानी अन्तर्गत ओरिया, ठोरी अन्तर्गत ओरिया नदीहरू पर्छन् । ओरिया नदी जगरनाथपुर र छिपहरमाई अन्तर्गत पनि पर्छन्। छिपहरमाईमा रहेको ओरिया खोलाको उत्खननमा रोक लगाइएको छ । त्यहाँ भारतीय पक्षले अवैध उत्खनन गर्दा बाढीको बखत स्थानीयको क्षति बढी हुने गरेकाले सो पालिका अन्तर्गतको खोलाको उत्खनन रोक्का छ । त्यसबाहेक सखुवाप्रसौनी, पटेर्वासुगौली अन्तर्गतको जमुनिया खोला र पटेर्वासुगौली, जीराभवानी अन्तर्गतको भलुवाही खोलामा दुई पालिकाबीचको विवादले ठेक्का लाग्न सकेको छैन ।

बाँकी खोलाहरूको ठेक्का लगाउनुपर्नेमा पालिकाहरूले चासो देखाएका छैनन् । नदीजन्य पदार्थको ठेक्काबाट पालिकाहरूको आन्तरिक स्रोतमा लाखौं रुपैयाँ वृद्धिमा सघाउ पुग्ने भएपनि यसतर्फ पालिकाहरूले खासै चासो देखाएका छैनन्। वीरगंज महानगरपालिकाले पनि भेडियाही खोलाको ठेक्का लगाएको छैन। दशैंपछि यो खोलाको ठेक्का लगाउने सुरसारमा महानगर छ ।

प्रदेश अन्तर्गतको पर्सा जिल्लाका खोलाहरूमा प्रदेश सरकारले नै नदीजन्य पदार्थ उत्खननको मापदण्ड तय गर्ने गर्छ। दैनिक र वार्षिक उत्खननको तालिका अनुसार पालिकाहरूले नदीजन्य पदार्थको उत्खनन गर्नुपर्ने हुन्छ। यसको अनुगमन जिल्ला समन्वय समितिले गर्छ। जिल्ला समन्वय समितिमार्फत वातावरणीय परीक्षण प्रतिवेदन तयार हुन्छ र त्यसलाई डिभिजन वन कार्यालयले अन्तिम रूप दिएपछि नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का लाग्ने गर्छ ।

यसैगरी, पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतका खोलाहरूको पनि ठेक्का लाग्न सकेको छैन । निकुञ्ज भएर बग्ने खोलाहरू भलुवाही, महादेव, जमुनियाबाट बोल्डरको लागि मात्र ठेक्का लाग्ने गर्छ। त्यसबाहेक निकुञ्जले ग्राभेल, बालुवाको ठेक्का लगाउँदैन । बोल्डरको लागि निकुञ्जका खोलाहरू चर्चित छन् तर ठेक्का नलगाउँदा अहिले निकुञ्जलगायत पालिका अन्तर्गतका खोलाहरूबाट नदीजन्य पदार्थको अवैध उत्खनन तीव्र गतिमा भइरहेको छ। यसको नियन्त्रण पालिका, वन र स्थानीय सुरक्षाकर्मीहरूले गर्नुपर्नेमा सबैको मिलेमतो रहेको देखिन्छ।

## मधेस सरकारको महत्त्वको योजना एक निर्वाचन एक सडक अलपत्र, ठेक्कामा शिवाको र रञ्जनको मनोमानी

प्रस, वीरगंज, ६ असोज/

मधेस प्रदेश सरकारको महत्त्वपूर्ण


तस्वीर: प्रतीक

योजना अन्तर्गत रहेको एक निर्वाचन क्षेत्र एक सडक निर्माणको पर्सामा समय सके पनि सडक निर्माण अधूरै रहेको छ।

पूर्वमुख्यमन्त्री लालबाबू राउत गद्दीको सरकारले मधेसका आठवटै जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा एक सडक पाँच किलोमिटर निर्माण गर्ने लक्ष्य अन्तर्गत अगाडि बढे पनि ठेकेदारहरूको लापरवाहीका कारण पर्साका कुनै पनि निर्वाचन क्षेत्रमा अहिलेसम्म कुनै सडक बन्नेको छैन । त्यति मात्र हैन सडक निर्माणका लागि ठेक्का पाएका निर्माण कम्पनीको लापरवाहीका कारण अहिलेसम्म काम सम्पन्न नभएको स्थानीयहरूले जानकारी गराएका छन् ।

पूर्वाधार विकास कार्यालयले काम गर्न निर्माण कम्पनीलाई पटकपटक ताकेता गरे पनि उनीहरूले काम गर्न बेवास्ता गरेको आरोप लगाएको छ । साइट पनि क्लियर रहेको तर विभिन्न बहानामा ठेकेदार कम्पनीहरूले काम नगरेपछि प्रत्येक वर्ष रकम फ्रीज भएर जाने गरेको कार्यालय प्रमुख दीपक मिश्रले जानकारी गराए ।

मधेस प्रदेश सरकारले पाँच किलोमिटर सडक बनाउन आर्थिक वर्ष २०७८/७९ मा ठेक्का अह्वान गर्दा पर्साका आठवटा निर्वाचन क्षेत्रका लागि दुईवटा सडक बनाउन रञ्जन निर्माण सेवा मिर्जापुर तथा छवटा सडक बनाउन शिवाको कन्स्ट्रक्शन प्रालि बबरमहल काठमाडौंले स्थानीय प्रतिनिधि पप्पु कन्स्ट्रक्शनलाई जिम्मा दिएका थिए । आठवटै योजनाको काम सम्पन्न मिति २०८० पुस ८ रहेको थियो। म्याद सकिए पनि अहिलेसम्म शिवाको कन्स्ट्रक्शनले म्याद थप गराएको छैन भने कार्यालयले पनि कम्पनीले म्याद थप्न आए म्याद नथप्ने जानकारी गराएको छ ।

रञ्जन निर्माण सेवाले भेडिहारी-हरिहरपुर-गण्डक सडक निर्माणका लागि छ करोड सात लाख र ठोरी-बागमोर्चा-महादेवपट्टि सडक निर्माणका लागि सात करोड ४३ लाखमा जिम्मा पाएकोमा ती दुवै सडकको अहिलेसम्म ८५ र ६५ प्रतिशत काम भएको देखिन्छ। शिवाकोले गुलरिया चोक-वडा कार्यालय पटेर्वासुगौली छ करोड ८५ लाख, रामपुर-गण्डक नहर छ करोड ९६ लाख, बहुअर्वा-पचरुखी छ करोड चार लाख, ड्राइपोर्ट-अपौनी-सुगौलीबिर्ता छ करोड ४८ लाख, वीरगंज-लक्ष्मणवा-इनर्वा छ करोड ५३ लाख, धोरे-पोखरिया छ करोड ४२ लाख, परसवा-जनता सडक निर्माणका लागि सात करोड १५ लाख रुपियाँमा ठेक्का सकार गरेको थियो । तर शिवाकोले अहिलेसम्म २० प्रतिशत मात्र काम गरेको पूर्वाधार कार्यालयले जनाएको छ ।

## असुरक्षित गर्भपतनले महिलाहरू असुरक्षित

प्रस, वीरगंज, ६ असोज/

स्वास्थ्य लाइभ मिडियाको आयोजनामा


तस्वीर: प्रतीक

सुरक्षित गर्भपतनका लागि जवाफदेहिता विषयक एक दिने अन्तर्क्रिया आइतवार वीरगंजमा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहले जनचेतनाको कमीका कारण असुरक्षितरूपमा गर्भपतन गराउँदा अकालमा बर्सेनि सयौं महिलाहरूको मृत्यु हुने गरेको बताए । उनले कानूनले १२ हप्तासम्मको गर्भपतन गराउन मान्यता दिए पनि थाहा नभएर वा नजीकैको पसलबाट औषधि खरीद गरी खाने वा भारतमा जाने गरेका कारण महिलाहरूको जीवन असुरक्षित बन्दै गइरहेकाले युवायुवतीहरूलाई पहिलो चरणमा जनचेतना जगाउनु अहिलेको आवश्यकता भएको बताए । महानगरले नीति नै बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता रहेकामा जनशक्तिको अभावमा स्वास्थ्य सेवालाई घरघरसम्म पुऱ्याउन नसकेको नगरप्रमुख सिंहले दुःखेसो पोखे। उनले महानगरका ग्रामीण क्षेत्रभित्र बगही प्राथमिक स्वास्थ्य केन्द्रबाहेक गर्भपतन गर्ने अन्य संस्था नरहेकामा इच्छुक संस्था सूचीकृत हुन चाहेमा स्वीकृति दिन महानगर तयार रहेको बताए।

पर्सा जिल्लाभरिमा नारायणी अस्पताल, मेरि स्टोप्स, ओम हस्पिटल, मेरी सर्भिस, बगही, सखुवाप्रसौनी, पोखरिया, बगवाना आदि ठाउँलाई सुरक्षित गर्भपतन गराउन अधिकार प्रत्यायोजन गरिएको स्वास्थ्य कार्यालयकी अधिकृत मीरा यादवले जानकारी गराइन्। स्वास्थ्य कार्यालय पर्साले उपलब्ध गराएको तथ्याङ्कमा पर्सामा गत आर्थिक वर्षमा एक हजार ६७१ जना महिलाले सुरक्षित गर्भपतन गराएको उल्लेख छ । पर्सामा सुरक्षित गर्भपतन गराउने महिलाको सङ्ख्या बढ्दै गएको छ। तर जनचेतना अभावमा अहिले पनि केही महीलाहरूले विभिन्न खाले वैकल्पिक उपाय गर्न थाल्दा मृत्युको मुखसम्म पुग्ने गरेको अधिकृत यादवको भनाइ थियो। अधिकृत यादवका अनुसार पर्सामा गत आर्थिक वर्षमा २० वर्षमुनिका १३७ जना युवतीले सुरक्षित गर्भपतन गराएका थिए भने २० वर्षमाथि उमेरका एक हजार ५३४ जना महिलाले सुरक्षित गर्भपतन गराएका थिए ।

तीमध्ये १२ हप्तासम्मको गर्भपतन गराउनेको सङ्ख्या एक हजार ६२६ छ भने १२ हप्ताभन्दा बढीको गर्भपतन गराउनेको सङ्ख्या ४५ मात्र रहेको यादवले जानकारी दिइन् । पर्सामा सुरक्षित गर्भपतनका बारेमा नागरिकमा सचेतना बढ्दै गएका कारण यो सेवा लिनेहरूको सङ्ख्या बढिरहेको अधिकृत यादवले बताइन् । १४ वटै पालिकामा किशोरकिशोरलाई असुरक्षित यौनसम्पर्क, यसले पार्ने असरका साथै सुरक्षित गर्भपतनबारे सचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ।

स्वास्थ्य लाइभ मिडियाका अध्यक्ष अर्जुन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेशको स्वास्थ्य निर्देशनालयकी नर्सिङ अधिकृत आरती ठाकुर, नारायणी अस्पतालकी प्रसूतिरोग विशेषज्ञ डा मञ्जु राउत, वीरगंज महानगर स्वास्थ्य महाशाखाका अधिकृत इन्द्रा लोहनी, मेरी स्टोप्सका प्रबन्धक कुमार आचार्य लगायतले कार्यपत्र प्रस्तुत गरेका थिए।

## महानगरको राजस्व दोस्रो महीनामा बढ्यो तर गत वर्षको तुलना भने बढ्न सकेन

प्रस, वीरगंज, ६ असोज/

वीरगंज महानगरपालिकाको राजस्व भदौ महीनामा बढेको छ भने गत वर्षका दुई महीनाको तुलनामा भने घटेकै छ।

चालू आवको भदौ महीनामा महानगरपालिकाले चार करोड ७२ लाख दुई हजार राजस्व सङ्कलन गरेको छ भने गत वर्ष यही महीनामा महानगरले चार करोड आठ लाख २० हजार राजस्व सङ्कलन गरेको थियो। गत वर्षको तुलनामा चालू आवको भदौमा ६४ लाख बढी राजस्व सङ्कलन गरेको छ। तर समग्रमा गत आवका साउन र भदौमा भन्दा चालू आवका साउन र भदौमा महानगरको राजस्व भने घटेकै छ ।

आव २०८०/८१ को साउन-भदौमा १० करोड ३८ लाख ५१ हजार राजस्व सङ्कलन भएको थियो भने चालू आवको यी दुई महीनामा भने नौ करोड ७२ लाख २८ हजार मात्र राजस्व सङ्कलन भएको राजस्व महाशाखाका प्रमुख मनोज कर्णले बताए । तुलनात्मकरूपमा गत वर्षको तुलना चालू आवका दुई महीनामा ६६ लाख २३ हजार राजस्व कम सङ्कलन भएको छ । राजस्व महाशाखा प्रमुख कर्णले भदौ १ देखि ३१ गतेसम्म सम्पत्तिकरबाट दुई करोड ४९ लाख ७५ हजार, भूमिकर/मालपोतकरबाट ११ लाख ४१ हजार, घरबहाल करबाट ३३ लाख ५३ हजार, सवारीसाधन करबाट ९६ हजार, मनोरञ्जन करबाट ४४ हजार, व्यवसाय रजिस्ट्रेशन दस्तुरबाट दुई लाख ६० हजार, सरकारी सम्पत्ति बहालबाट १४ लाख २३ हजार, अन्य सेवा शुल्कबाट २८ लाख १५ हजार, अन्य प्रशासनिक सेवा शुल्कबाट तीन लाख ८७ हजार, नक्शापासबाट १९ लाख चार हजार, सिफारिश दस्तुरबाट १७ लाख १३ हजार, व्यक्तिगत घटना दस्तुरबाट दुई लाख २४ हजार, नाता प्रमाणितबाट एक लाख ६४ हजार, धरौटी जफतबाट ४० लाख, प्रशासनिक दण्ड जरिवानाबाट तीन लाख ६१ हजार र बेरुजूबापत दुई लाख ६४ हजार गरी चार करोड ७२ लाख दुई हजार राजस्व सङ्कलन भएको बताए।

वीरगंज महानगरपालिकाले यस वर्ष वार्षिक ७५ करोड राजस्व सङ्कलनको लक्ष्य लिएको छ। गत वर्ष पनि महानगरले असारको नगरसभाबाट ७५ करोड राजस्व सङ्कलनको लक्ष्य लिएको थियो तर पुसमा संशोधित बजेट प्रस्तुत गर्दा १५ लाख थप गरी ९० लाख सङ्कलनको लक्ष्य निर्धारण गरेको थियो। तर गत वर्ष ६१ करोड मात्र राजस्व सङ्कलन भयो।

## विकासलाई केन्द्रमा राखेर काम गर्दैछु –मन्त्री यादव

प्रस, पर्सागढी, ६ असोज/

सङ्घ सरकारका खानेपानीमन्त्री प्रदीप यादवले जनता समाजवादी पार्टी (जसपा)ले जनताको सेवा र मुलुकको विकासलाई केन्द्रमा राखेर काम गरिरहेको बताएका छन् ।



पर्सागढी नगरपालिका-८ हरपुरमा आयोजित कार्यक्रममा मन्त्री यादवले जसपा नेपालसँग अलग भएर जसपा गठन गर्नुको कारण उपेन्द्र यादवको गलत नेतृत्व र हैकमवादी शैली रहेको बताए। उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले जनताको वास्तविक समस्या समाधान गर्न असफल हुँदै गएको तर उपेन्द्र यादवलाई सङ्गठनभित्र छलफल गर्दा चुपचाप लागेर बस्ने नेता-कार्यकर्ता चाहिएको मन्त्री यादवको भनाइ थियो । जसपा नेपाल अब केवल नारामैं सीमित रहेर जनतामा भ्रम उत्पन्न गरिरहेको उनको आरोप थियो । मधेसको अधिकार दिलाउने नाममा उपेन्द्र यादवले पटकपटक सत्तासँग

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

उच्चस्तरको बौद्धिकताले मानिसलाई असामाजिक बाटोतर्फ डोऱ्याउने प्रयास गर्छ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# अन्योलमा अधिवेशन

नेपाल पत्रकार महासङ्घको अधिवेशन सदस्यतासम्बन्धी विवादका कारण टुङ्गै लाग्न सकेको छैन। सदस्यता विवादका कारण एकपछि अर्को मिति सर्दै गएको छ भने पछिल्लो विवादमा अध्यक्ष, कावा अध्यक्ष र उपाध्यक्ष गरी लगातार तीनजना पदाधिकारीले एकपछि अर्को गरी राजीनामा दिएका कारण अधिवेशन कहिले हुने भन्नेबारेमा झनै अन्योलता बढेको हो। शुरूमा जेठ २६ गते देशभर अधिवेशन गर्नेगरी सूचना जारी भएको थियो। तर सो मितिमा हुन सकेन र त्यसपछि असार अनि असोजमा दुईपटक मिति घोषणा गरियो। असोज ५ गते गरिएको मितिमा अध्यक्ष विपुल पोखरेलले राजीनामा गरेपछि मिति सरेर असोज १२ गते तोकियो। यसबीचमा कावा बनेका उपाध्यक्ष रमेश विष्टले निर्वाचनको तयारी थालेका थिए। तर उनको बखतमा पनि देशभरका ५३ जिल्ला शाखाले सदस्यता विवादको टुङ्गो लगाएर निर्वाचनमा जान सुझाएका थिए। सोहीअनुरूप कावा अध्यक्ष विष्टले केन्द्रीय पदाधिकारीहरूको बैठक गरेर सदस्यता टुङ्गो लगाउने प्रतिबद्धता जाहेर गरेका थिए।

यसबीचमा महासङ्घमा लगाइएको ताला खुलेको थियो तर उनले बैठक बोलाउँदै राजीनामा दिए। राजीनामा दिनुको कारण उनले गम्भीर देखाए। विभिन्न दलका भ्रातृ सङ्गठनहरूको निरन्तर दबाबका कारण राजीनामा दिनुपरेको उनको आरोप थियो। उनको राजीनामा आएकै दिन अर्की उपाध्यक्ष बाला शर्माले पनि सक्रिय राजनीतिमा संलग्न हुने भनेर पत्रकार महासङ्घको उपाध्यक्षबाट घुमाउरो पाराले राजीनामा दिइन्। अहिले असोज १२ गतेका लागि भनिएको निर्वाचन निर्वाचन समितिले अनिश्चितकालका लागि स्थगन गरिदिएको छ। अहिलेसम्म नेपाल पत्रकार महासङ्घको निर्वाचन २०४६ सालपछि लगातार सरेको यो पहिलोपटक हो। यस अघि तोकिएकै समयमा महासङ्घको निर्वाचन हुँदै आएको थियो। नेपाल पत्रकार महासङ्घको विधानमा जिल्ला शाखाले निर्वाचनको छ महीना अघि नै नयाँ सदस्यता माग गर्ने, नवीकरण गर्ने व्यवस्था छ। सोहीअनुरूप जिल्ला शाखाहरूले नयाँ सदस्यता माग गर्दै पुरानाको नवीकरण गरेका थिए। तर केन्द्रीय पदाधिकारीहरूमध्ये केहीले जिल्ला र प्रदेशबाट सिफारिश नभएकाहरूलाई पनि सदस्यको सूचीमा राख्ने, उनीहरू सदस्य नभए पनि नवीकरण गरेको र कुनै पनि जिल्लामा सदस्य नभएकाहरूलाई पनि जिल्लाबाट अन्य जिल्लामा स्थानान्तरण गरेर पठाएपछि विवाद भएको हो। यही विवादका बीच अहिलेसम्म महासङ्घले चारपटक मतदाता नामावली प्रकाशनमा ल्याइसकेको छ। तर चारैपटकको नामावलीमा शाखाहरू भने सन्तुष्ट नभएकाले विवाद साम्य हुनुको साटो चुलिँदै गएको छ।

नेपाल पत्रकार महासङ्घ पत्रकारहरूको साझा सङ्गठन हो। यसको विधान छ र सोही विधानअनुरूप सञ्चालन हुनुपर्नेमा विधानविपरीत कार्य हुँदा सोको विरोध बढेको र अहिलेसम्म अधिवेशन हुन नसकेको हो। पत्रकारहरूको साझा र स्वतन्त्र सङ्गठनका रूपमा परिभाषित हुँदै आएको महासङ्घको नेतृत्वमा भने अहिलेसम्म दलकै आर्शिवादमा नेतृत्व चयन हुँदै आएको कुरालाई नकार्न सकिँदैन। अहिलेसम्मको नेतृत्व यसैगरी दलकै आर्शिवादमा हुँदै आए पनि नेतृत्वकर्ताहरूले भने दलगत बनाएका थिएनन्, अपवादबाहेक। तर यसपटकको अधिवेशनमा भने दलगत गुटबन्दी बढी भएको र महासङ्घको विधानलाई लत्याउने कार्य भएको कारण यस प्रकारका विकृतिले प्रश्रय पाएका हुन्।

# शिक्षालाई व्यावहारिक जीवनसँग जोड्ने आवश्यकता


शिक्षा नेपाल



अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**यस्ता क्रियाकलाप गर्दा विद्यार्थीहरूले शिक्षाका चारवटै प्रक्रिया–लेखाइ, पढाइ, बोलाइ, सुनाइको पनि व्यावहारिक ज्ञान प्राप्त गर्छन्। यसबाहेक अन्य विषयहरू; जस्तै–सामाजिक, विज्ञान, भूगोल, पर्यावरण, गणित आदिको पनि व्यावहारिक ज्ञान प्राप्त गर्छन्।**

आजको प्रतिस्पर्धात्मक युगमा शिक्षालाई यदि व्यावहारिक जीवनसँग जोडियो भने त्यो बढी उपलब्धिमूलक हुन सक्छ। यसो भन्नु पछाडिको एकमात्र कारण के हो भने आजको विद्यार्थीलाई इन्टरनेटको माध्यमले विश्वको जानकारी त प्राप्त भइरहन्छ तर आफ्नै छेउछाउ, गाउँ वा शहरबजारमा के भइरहेको छ, भन्नेबारे न्यूनतम जानकारी पनि हुँदैन। वर्तमान पुस्तालाई पुस्तकको बोझबाट बाहिर निकाल्ने खाँचो छ। यसका लागि एउटा शिक्षकले सक्रियता देखाएमा पाठ्यक्रमले दिन खोजेको उपलब्धि उनीहरूलाई प्रदान गर्न सकिन्छ र उनीहरूलाई स्थानीयतासँग सजिलै जोड्न पनि सकिन्छ।

आज पाठ्यक्रम भित्रैबाट यस्ता थुप्रै क्रियाकलापहरू गर्न सकिन्छ जसले उनीहरूको किताबी ज्ञानलाई झन् परिपक्व र रोचक बनाउँछ। यस्ता क्रियाकलापहरू गर्दा स्थानीय मानिस, सङ्घसंस्था वा सम्बन्धित निकायको मदत लिन सकिन्छ। जस्तै गाउँ वा शहरको जनसङ्ख्या पत्ता लगाउनु। त्यहाँ कति पुरुष, कति महिला, कति केटाकेटीहरू छन्। उनीहरूको शैक्षिक योग्यता, व्यवसाय तथा दक्षता विद्यार्थीहरूका लागि रोचक र ज्ञानवर्द्धक हुन सक्छ।

विद्यार्थीहरूलाई आआफ्नो गाउँ वा शहरको नक्शा बनाउन दिने। सो नक्शाभित्र त्यहाँ रहेका महत्त्वपूर्ण ठाउँहरू; जस्तै–बढी जनघनत्व भएका बस्ती, विद्यालयहरू, खेत, नदी, पहाड आदि सङ्केतको माध्यमले देखाउने अभ्यास गर्न लगाउने। यसबाट उनीहरूलाई आफ्नो गाउँ–शहरबारे धेरै कुरो जान्न मदत पुग्छ। त्यसैगरी विज्ञान अन्तर्गत विद्यालयमा भएको वर्षामापक यन्त्र र तापमान मापक यन्त्रको अध्ययन गर्न र एक सातासम्म अध्ययन गरेको एउटा चार्ट तयार गर्न लगाउन सकिन्छ। त्यस्तै विभिन्न मौसमको रेकर्ड पनि राख्न सकिन्छ। यसबाट औसत हावापानीको अनुमान लगाउन सकिन्छ। हावापानीमा कस्तो र कुन मौसममा कसरी परिवर्तन आउँछ भन्ने कुरा सजिलै थाहा हुन्छ।

त्यस्तै हाम्रो गाउँ वा शहर अन्य गाउँ वा शहरसँग कसरी जोडिएको छ र त्यहाँसम्म पुग्ने साधनहरू के–के छन्? कुन साधन प्रयोग गरि पुग्न सक्छौं? त्यो ठाउँमा सडक नभएको कारण के–के कठिनाईहरूको सामना गर्नुपर्छ? यसरी उनीहरूलाई यातायातको साधन, त्यसको प्रयोग र कसरी त्यसले विकास कार्यमा सघाउ पुऱ्याउँछ भन्नेबारे विद्यार्थीहरूलाई थाहा हुन्छ।

यसैगरी आफ्नो छरछिमेकमा रहेका कुनै तीर्थस्थल, कुनै पर्यटकीय स्थल, कुनै स्थानीय दृष्टिकोणले महत्त्वपूर्ण ठाउँ, औद्योगिक दृष्टिकोणले महत्त्वपूर्ण ठाउँहरूको अध्ययन भ्रमण गर्न विद्यार्थीहरूको समूह तयार गरी गर्न प्रेरित गर्नुपर्छ। त्यस्तै त्यहाँ पाइने स्थानीय जनावरहरूको पनि अध्ययन गर्न लगाउनुपर्छ। यसबाट विद्यार्थीहरूलाई गाईले मात्र दूध दिँदैन, यसको गोबर र मूत्र पनि काम लाग्ने वस्तु हो। यस्ता सर्वेक्षणाको बेला विद्यार्थीहरूलाई मानिसप्रति मात्र होइन, जनावरहरूप्रति पनि दयाभाव राख्नुपर्छ किनभने उनीहरू पनि हाम्रा लागि त्यतिकै लाभदायक हुन् भन्ने भावना पनि जगाउनुपर्छ।

यसका साथै विद्यार्थीहरूसँग स्थानीय गीत, उखान–टुक्का, विभिन्न जातिका लोककथाहरू पनि सङ्कलन गर्न लगाउनुपर्छ। उनीहरूले कुनै खास समुदाय बहुल इलाकामा यस्ता धेरै कुरा पाउन सक्छन्। आफूभन्दा ठूलाबडासँग यस्ता थुप्रै जानकारी पाउन सक्छन् जुन उनीहरूका लागि प्रेरणाको स्रोत हुन सक्छ।

स्थानीय भाषाका एक हजारदेखि पाँच हजार शब्दको एउटा सानो शब्दकोष पनि विद्यार्थीहरूको सहयोग लिई बनाउन सकिन्छ। यसका लागि शिक्षकहरूले विद्यार्थीहरूलाई विभिन्न विषयवस्तु दिएर त्यसका बीस–बीसवटा शब्द सङ्कलन गर्न लगाउन सकिन्छ। स्थानीय भाषामा थुप्रै अन्य भाषाका शब्दहरू पनि हुन्छन्। केही यस्ता शब्द पनि हुन सक्छ जसको समानानार्थी शब्द छैन। यसबाट विद्यार्थीहरूलाई स्थानीय समृद्ध परम्पराको ज्ञान प्राप्त हुन्छ जसले एक अर्कालाई जोड्न मदत गर्छ।

यसबाहेक विद्यार्थीहरूलाई कृषिसँग जोडिएको मान्यता, हावापानीसँग जोडिएको मान्यता आदिबारे ज्ञान हासिल हुन्छ। यी यस्ता मान्यता हुन् जुन अनुभवले प्राप्त हुन्छ। यस ज्ञानको आधारमा वर्तमानको सत्यतासँग तुलना गर्न सकिन्छ। यसबाहेक गाउँको सिमानामा कुन–कुन जनावर पाइन्छ। ती पशुपक्षी, कीराआदिको विस्तृत अध्ययन गर्न सकिन्छ। जस्तै चराहरू अन्नबालीलाई एकातर्फ नोक्सान पुऱ्याउँछन् भने अर्कोतर्फ त्यसको मल उत्तम खाद पनि हुन्छ। यस्ता अध्ययनले एक अर्काबीचको सम्बन्ध पनि थाहा हुन्छ।

कसरी स्थानीय मानिसले बोटबिरुवाको उपयोग गर्छन् भन्ने कुरा विद्यार्थीहरूलाई थाहा हुन्छ। जस्तै कुनकुन बोटबिरुवा इन्धनका लागि, कुनकुन जडीबुटीका लागि, कुनकुन चरनका लागि प्रयोग गरिन्छ। त्यसैगरी बोटबिरुवा, माटो, पानी, पशुपक्षीबीच कस्तो सम्बन्ध हुन्छ भन्ने कुरा पनि ज्ञात हुन्छ।

कृषिसम्बन्धी अध्ययनबाट विद्यार्थीहरूले किन उत्पादनमा कमी देखा परिरहेको छ? आज कुनकुन अन्नबालीको उत्पादन भइरहेको छ? कसरी रासायनिक खादको उपयोगले अन्नबालीलाई स्वास्थ्यको दृष्टिले अनुपयुक्त बनाइरहेको छ? मिश्रित कृषि प्रणाली र एकल कृषि प्रणालीबीच के फरक छ आदि थुप्रै विषयमा जानकारी हासिल गर्न सकिन्छ। यस अध्ययनले विद्यार्थीहरूलाई के गर्नु उचित हुन्छ भन्ने कुराको पनि ज्ञान दिन्छ।

यस्तै पानी संरक्षणासम्बन्धी अध्ययनले विद्यार्थीहरूलाई यसको महत्त्वबारे बताउँछ भने हाम्रो समुदायमा पानीको वर्तमान स्थितिबारे जानकारी प्रदान गर्छ। यस अध्ययनबाट के पनि थाहा हुन्छ भने जुन घरमा पहिले पानीको अभाव थियो, आज पाइपको माध्यमले प्राप्त भइरहेको छ। कहीं स्थानीय तलाउमा पानी घटेको छ भने कहीं पानी नै छैन। कहीं पानीले त्रासदीको रूप लिएको छ। यी सबै कुराको तत्कालीन र दीर्घकालीन प्रभावको तुलनात्मक अध्ययन पनि गर्न सकिन्छ।

यसबाहेक स्थानीय कारीगरहरूको अध्ययनले स्थानीय तहमा उत्पादन भइरहेका घरेलू सामग्री र त्यसको प्रयोगबारे हामीले ज्ञान हासिल गर्न सक्छौं। ती कारीगरहरूले भोग्नुपरेका अप्ठ्यारा पनि हामीलाई थाहा हुन्छ। उनीहरूले कसरी ती सामग्री उत्पादन गर्छन् र त्यसका लागि कस्तो स्थानीय सामग्री प्रयोग गर्छन् भन्ने कुराको पनि ज्ञान हासिल हुन्छ। यसैगरी गाउँ वा शहरका मानिसले कसरी आवश्यक सामग्री प्राप्त गर्छन् भन्ने कुराको पनि अध्ययन गर्न सकिन्छ। ती सामग्रीहरूको सूची बनाउन सकिन्छ। कुन सामग्री गाउँलेहरूका लागि र कुन सामग्री शहरियाहरूका लागि महत्त्वपूर्ण हुन्छ? उनीहरू ती सामग्री कसरी प्राप्त गर्छन्? कुन सामग्री हाम्रो आधारभूत आवश्यकता हो र कुन होइन? यस्ता कुराको पनि जानकारी हुन्छ।

गाउँलेहरूले कस्तो व्यवसाय गर्छन्? गाउँलेहरूले आफ्नो उत्पादनको सही मूल्य पाउँछन् वा पाउँदैनन् भन्ने कुरा पनि अध्ययनबाट जान्न सकिन्छ। मूल्य र दाममा के फरक छ? कुनै पनि वस्तुको मूल्य ठाउँ अनुसार फरक–फरक किन हुन्छ? यसको दीर्घकालीन असर के हुन सक्छ? मूल्य र दामबीचको फरकबारे विद्यार्थीहरूको ध्यानाकर्षण गराउनु उनीहरूका लागि लाभकारी हुन सक्छ।

स्थानीय वास्तुकला सम्बन्धमा पनि विद्यार्थी तथा शिक्षकहरूद्वारा विस्तृत अध्ययन गर्न सकिन्छ। यस प्रकारको अध्ययनमा केही कलासँग सम्बन्धित हुन्छ भने केही परम्परासँग। आर्थिक र हावापानीको दृष्टिकोणले यसको महत्त्वबारे पनि अध्ययन गर्न सकिन्छ। यस प्रकारको अध्ययनले विद्यार्थीहरूको समझ प्रस्ट र दृष्टिकोण सही हुन्छ।

यस आलेखमा किताबी ज्ञानलाई कसरी व्यावहारिक बनाउने भनी शिक्षकहरूका लागि केही सङ्केत गरिएको छ। उपर्युक्त बुँदाहरूमाथि कैयन प्रकारको क्रियाकलाप गर्न सकिन्छ। यस्ता क्रियाकलापहरूलाई पाठ्यक्रममैं समावेश गरिएको छ, तर विडम्बना के छ भने विद्यालयहरू यस्ता क्रियाकलाप गराउँदैनन्। विद्यार्थीहरूको सहभागिता पनि यस्ता क्रियाकलापमा न्यून नै देखिएको छ किनभने अभिभावकले यसलाई बेकारको क्रियाकलाप ठान्छन् तर प्रायोगिक अङ्क उनीहरूलाई पूर्ण नै चाहिन्छ र विद्यालयहरूले पनि यस्ता क्रियाकलाप नगराइकनै अङ्क दिने गरेका छन्। यसतर्फ सम्बन्धित निकाय मौन देखिएको छ। अब त हरेक विषयमा प्रायोगिक कार्य अनिवार्य गरिएको छ र विद्यार्थीले गरेको खण्डमा पूर्ण अङ्क दिने प्रावधान पनि रहेको छ। यस्ता क्रियाकलाप गर्दा विद्यार्थीहरूले शिक्षाका चारवटै प्रक्रिया लेखाइ, पढाइ, बोलाइ, सुनाइको पनि व्यावहारिक ज्ञान प्राप्त गर्छन्। यसबाहेक अन्य विषयहरू; जस्तै–सामाजिक, विज्ञान, भूगोल, पर्यावरण, गणित आदिको पनि व्यावहारिक ज्ञान प्राप्त गर्छन्।

शिक्षकहरू जुन जानकारीलाई भार ठान्छन् सोही कार्य उनीहरूको पाठ्यक्रमको एउटा हिस्सा बन्न पुगेको छ। यसबाट विद्यार्थीहरूमा अभूतपूर्व प्रतिभाको विकास हुन्छ। यस प्रकारको क्रियाकलापबाट शहर र गाउँ नजीक आउँछन्। विद्यार्थीहरूको आत्मविश्वास बढ्छ। उनीहरू पढाइलाई व्यावहारिक जीवनसँग जोड्न सक्छन् र स्थानीय ज्ञानप्रति सजग भएर जस्तै समस्या समाधान गर्न सिपालु हुन्छन्। यसतर्फ स्थानीय सरकारले पनि चासो लिनुपर्ने खाँचो छ।

# मध्यभोटेकोशीले एक महीनाभित्र बिजुली उत्पादन गर्दै

काठमाडौं, ६ असोज/रासस

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माणाधीन १०२ मेगावाट क्षमताको मध्यभोटेकोशी जलविद्युत् आयोजनबाट एक महीनाभित्र विद्युत् उत्पादन गर्नेगरी काम अघि बढाइएको छ।

बाह्रबीसे नगरपालिका–५ स्थित आयोजनाको विद्युतगृहको स्वीचयार्डबाट सोही नगरपालिका–३ स्थित प्राधिकरणको बाह्रबीसे सबस्टेशन जोड्ने करीब चार किलोमिटर प्रसारण लाइनमध्ये दुई किलोमिटर लाइन निर्माणमा स्थानीयसँग सहमति जुटेपछि अहिले तार तान्ने काम भइरहेको छ। कुल २२० केभी सिङ्गल सर्किट प्रसारण लाइनको तार तान्ने काम दशैं अगाडि सकिने छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का, राज्यमन्त्री पूर्णबहादुर तामाङ, सिन्धुपाल्चोका–२ का सङ्घीय सांसद मोहनबहादुर बस्नेत, मन्त्रालयका सहसचिव सन्दीपकुमार देव, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, बाह्रबीसे नगरपालिका प्रमुख बालकृष्ण बस्नेत तथा वडाध्यक्षहरू, सहायक प्रमुख जिल्ला अधिकारी, उद्योग वाणिज्य सङ्घका अध्यक्ष र आयोजनाबीच गत १३ भदौमा भएको छलफलमा करीब १४ महीनादेखि अवरोध रहेको प्रसारण लाइन निर्माणमा सहमति जुटेको थियो। बाँधक्षेत्रको निर्माण सम्पन्न गरी पानी हालेर परीक्षणसमेत भइसकेको छ।

आयोजनाको मुख्य सुरुङ निर्माणगरी गत वर्ष फागुनमा परीक्षण शुरू गरिएको थियो। परीक्षणका क्रममा मुख्य सुरुङको करीब १ ४०० मिटर खण्डमा पानी चुहिएपछि त्यसको मरम्मत र सुधार सम्पन्न गरिएको छ। हाल सुरुङ सफाइ भइरहेको छ भने १५ दिनपछि सुरुङमा पानी भर्न शुरू हुनेछ।

विद्युत्गृहमा सिभिल निर्माण सम्पन्न भई इलेक्ट्रोमेकानिकल उपकरण जडान एवं परीक्षण भइरहेको छ। सुरुङबाट पानी आउननसाथ उपकरणको 'वेट टेस्ट' शुरू हुनेछ। बाँकी सम्पूर्ण काम एक महीनाभित्र सम्पन्न गरी विद्युत् उत्पादन शुरू गर्ने लक्ष्यका साथ काम भइरहेको जनाइएको छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायत सम्मिलित टोलीले शनिवार आयोजना निर्माणस्थल निरीक्षण भ्रमणगरी एक महीनाभित्र जसरी पनि विद्युत् उत्पादन हुनेगरी काम गर्न आयोजना व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीलाई निर्देशन दिएको छ। राज्यमन्त्री तामाङले बाँकी रहेका काम द्रुत गतिमा अगाडि बढाउन र आयोजना व्यवस्थापनका सम्पूर्ण कर्मचारी साइटमैं बसेर काम सम्पन्न गर्न निर्देशन दिए।

मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन शुरू भएपछि सोही विद्युत् प्रयोगगरी प्राधिकरणले निर्माण गरेको बाह्रबिसे सबस्टेशन चार्ज गरिने छ। कुल २२०/१३२ केभीको बाह्रबिसे सबस्टेशन निर्माण भइसकेको छ।

मध्यभोटेकोशीको विद्युत् प्रवाहका लागि अस्थायीरूपमा वैकल्पिक व्यवस्था गरिएको छ। कुल २२० केभी प्रसारण लाइनबाट बाह्रबिसे सबस्टेशनमार्फत १३२ केभीमा झारेर सोही लाइनबाट प्रवाह गरिने छ। यसका लागि २२ मेगावाटको माथिल्लो चाकु ए जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी शिव श्री हाइड्रोपावरले निर्माण गरेको १३२ केभी प्रसारण लाइनलाई बाह्रबिसे सबस्टेशनसम्म पुऱ्याउने काम भइरहेको छ। उक्त कार्य दशैं अगाडि सम्पन्न गर्नेगरी काम भइरहेको छ।

सोही प्रसारण लाइनबाट मध्यभोटेकोशीको विद्युत् लामोसाँघु

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# ‘पत्रकारिताजगत्‌ले निर्वाह गरेको भूमिका प्रशंसनीय छ’

काठमाडौं, ६ असोज/रासस

राष्ट्रपति रामचन्द्र पौडेलले देशको राजनीतिक परिवर्तन, सामाजिक रूपान्तरण र आर्थिक विकासमा पत्रकारिताजगत्‌ले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताएका छन्।



प्रेस काउन्सिल नेपालको ५५औं वार्षिकोत्सवका अवसरमा आइतवार राष्ट्रपति भवनमा आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले आम सञ्चारमाध्यम लोकतान्त्रिक शासन प्रणालीको मेरुदण्ड भएको बताए। उनले भने, “सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्रतिफल जनताको घरआँगनसम्म पु¥याउन शासन सञ्चालनमा बसेकाहरूलाई घच्घच्याएर लोकतन्त्रप्रति जनताको विश्वास अभिवृद्धि गर्न तपाईंहरूले जिम्मेवार भएर काम गर्नुहुने मेरो विश्वास छ।”

राष्ट्रपति पौडेलले स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताविना लोकतन्त्र सुदृढ हुन नसक्ने भन्दै यही कारणले पत्रकारितालाई चौथो अङ्गका रूपमा सम्मान प्राप्त भएको बताए। “जिम्मेवारीपूर्ण, सन्तुलित र तथ्ययुक्त सूचना सम्प्रेषणबाट मात्र राज्यको चौथो अङ्गका रूपमा पत्रकारिताजगत्‌ले पाएको सम्मानलाई जीवन्त राख्न सक्छ भन्ने म ठान्छु,” उनले भने, “यसमा नेपाली पत्रकारहरू सचेत र सजग हुनुहुन्छ भन्ने लागेको छ, जिम्मेवार पत्रकारिता, सुसूचित नागरिक र जवाफदेही सरकार लोकतन्त्रका आधारस्तम्भ हुन्।”

उनले प्रेसको स्वतन्त्रता र सदुपयोग गर्न काउन्सिलजस्ता निकाय स्थापना गरेर समयानुकूल आचारसंहिता बनाउने तथा कार्यान्वयन भए/नभएको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरिएको हो।”

राष्ट्रपति पौडेलले सूचना प्रविधि र ‘इन्टरनेट’को विकाससँगै ‘अनलाइन न्यूजपोर्टल’ र सामाजिक सञ्जालको विकासले सूचना प्राप्तिको आम मानिसको चाहनालाई पूरा गर्न मदत गरेको बताउँदै सत्यतथ्य, आधिकारिक र विश्वसनीय सूचना सम्प्रेषण नै आम सञ्चारमाध्यमको व्यावसायिक र प्राथमिक दायित्व भएको स्मरण गराए।

उनले ‘न्यू मिडिया’ र सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै तीव्र गतिमा सूचना सम्प्रेषण गर्ने प्रतिस्पर्धाले गलत सूचना प्रवाह हुनेतर्फ सचेत हुनुपर्ने आवश्यकता औंल्याउँदै त्यसतर्फ प्रेस काउन्सिलजस्ता अनुगमनको जिम्मेवारी पाएका संस्थाले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

राष्ट्रपति पौडेलले काउन्सिललाई अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्ने लोकतन्त्रको मूल मान्यताप्रति गम्भीर बन्दै मिथ्या र गलत सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्न सक्ने अहिलेको पत्रकारिताको मर्यादामाथि कतैबाट प्रश्न उठ्न नदिन काउन्सिल स्वयंले निष्पक्ष, स्वतन्त्र तथा सिर्जनात्मक भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको बताए। उनले भने, “पत्रकारिताको विश्वसनीयता कायम राख्न र प्रेस स्वतन्त्रताको चुनौतीको सचेत भएर सामना गर्न आह्वान गरे।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले पत्रकारिता क्षेत्रलाई सबल र सक्षम बनाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सधैं गम्भीर रहेको बताए। उनले सञ्चार क्षेत्र पनि समस्यामा परेको उल्लेख गर्दै नीतिनियमविहीन अवस्थाको अन्त्यका लागि आफ्नो मन्त्रालयले काम गरिरहेको बताए।

“सबै किसिमका कानूनलाई व्यवस्थित गर्न काम गरिरहेका छौं, तपाईंहरूका यथार्थपरक सुझाव जरुरी छ,” उनले भने, “जनता बलियो भए देश बलियो हुन्छ, राज्य बलियो भएन भने जनता बलियो हुन सक्दैन।”

नेपाल प्रेस इन्स्टिच्युटका तर्फबाट प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार प्राप्त गरेको पत्रकार तीर्थ कोइरालाले पत्रकारितालाई विश्वसनीय बनाउनका प्रशिक्षण जरुरी भएको र त्यसमा ध्यान दिन सञ्चारमन्त्रीलाई आग्रह गरे।

प्रेस काउन्सिल गोपालदास पत्रकार प्राप्त गरेका अन्नपूर्ण पोस्ट दैनिकका सम्पादक अखण्ड भण्डारीले छापा पत्रकारिता सङ्कटमा परेकाले त्यसलाई सङ्कटमुक्त गर्न सरकारले ध्यान दिनुपर्ने बताए।

त्यस अवसरमा प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार बद्री सिग्देललाई प्रदान गरिएको थियो।



**कालीगण्डकी नदी र आसपासका बस्ती:** बागलुङ र पर्वत हुँदै बग्ने कालीगण्डकी नदी र यस आसपासका बस्ती। कालीगण्डकी नदी किनारमा रहेका बस्ती उच्च जोखिममा रहेका छन्। तस्बिरः डम्मर बूढामगर/रासस

# शहरी विकासमा निजी क्षेत्रलाई सहभागी गराउन माग

काठमाडौं, ६ असोज/रासस

शहरी विकासमा निजी क्षेत्रलाई सहभागी गराउन माग गरिएको छ। नेपाल जग्गा तथा आवास विकास महासङ्घको टोलीले आइतवार शहरी विकास मन्त्रालयमा कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहसँग भेट गरी निजी क्षेत्रलाई एकीकृत जग्गा तथा आवास विकासको जिम्मेवार दिन माग गरेको उनको सचिवालयले जनाएको छ।

महासङ्घका अध्यक्ष भेषराज लोहनीले कार्यवाहक प्रधानमन्त्री सिंह समक्ष निजी क्षेत्रलाई पनि ‘ल्यान्ड पुलिङ’ गर्न दिने कानूनी व्यवस्थाको आवश्यकता रहेको उल्लेख गर्दै शहरी विकास ऐनमा सो विषय समेट्न आग्रह गरे।

त्यस अवसरमा कार्यवाहक प्रधानमन्त्री सिंहले व्यवस्थित शहर विकासमा निजी क्षेत्रलाई सहभागी गराउन सरकार सकारात्मक रहेको प्रतिक्रिया दिए।

“शहरको विकासमा सरकारसँग निजी क्षेत्रलाई पनि सहभागी बनाउनुपर्छ, निजी क्षेत्रसँग मिलेरै व्यवस्थित, स्वच्छ र आर्थिकरूपमा चलायमान शहर बनाउन सकिन्छ,” उनले भने। उनले शहरलाई व्यवस्थित गर्दै अपार्टमेन्ट, हाउजिङको अवधारणामा काम गर्नुपर्नेमा जोड दिए। हालसम्म ल्यान्ड पुलिङ गरी जग्गा तथा आवास विकासको काम सरकारले मात्रै गर्दै आएको छ।

महासङ्घले ‘ल्यान्ड पुलिङ’, ‘हाउस पुलिङ’मा निजी क्षेत्रलाई सहभागी गराउनुपर्ने, अपार्टमेन्ट खरीद गर्न विदेशीलाई २० प्रतिशतसम्म बिक्री गर्न मिल्ने व्यवस्था गर्नुपर्ने र अपार्टमेन्टभित्रको जग्गा अपार्टमेन्ट बिक्रीपछि डेभलपरका नाममा राख्न नमिल्ने गरी ऐनमा प्रबन्ध गर्न माग गरेको छ।

# दुई महीनामा साढे ९४ अर्ब सरकारी ऋण थपियो

काठमाडौं, ६ असोज/रासस

चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महीनामा रु ९४ अर्ब ५२ करोड सरकारी ऋण थपिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालू आर्थिक वर्ष शुरू हुँदा रु २४ खर्ब ३४ अर्ब नौ करोड रहेको सार्वजनिक ऋण भदौ मसान्तसम्म बढेर रु २५ खर्ब २८ अर्ब ६२ करोड बराबर पुगेको छ। हालसम्मको कुल सार्वजनिक ऋण मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ४४ दशमलव ३२ प्रतिशत बराबर हो।

चालू आर्थिक वर्ष शुरू हुँदा आन्तरिक ऋण रु ११ खर्ब ८० अर्ब ९० करोड बराबर रहेकामा भदौ मसान्तसम्ममा बढेर रु १२ खर्ब ३५ अर्ब ९० करोड पुगेको छ। जिडिपीका आधारमा आन्तरिक ऋणको अनुपात २१ दशमलव ६६ प्रतिशत बराबर हो। यो दुई महीनामा सरकारले रु ९० अर्ब आन्तरिक ऋण उठाउँदा रु ३५ अर्ब बराबर ऋण तिरेको छ।

त्यस्तै, भदौ मसान्तसम्म तिर्न बाँकी बाह्य ऋण रु १२ खर्ब ९२ अर्ब ७१ करोड छ। चालू आवको सुरुआतमा बाह्य ऋण रु १२ खर्ब ५३ अर्ब १९ करोड बराबर थियो। पछिल्लो दुई महीनामा सरकारले बाह्य ऋणको साँवा र ब्याज भुक्तानीमा रु १४ अर्ब पाँच करोड खर्च गरेको छ भने यही अवधिमा रु चार अर्ब ६७ करोड बराबर बाह्य ऋण थपेको छ। जिडिपीको तुलनामा बाह्य ऋण २२ दशमलव ६६ प्रतिशत बराबर हो।

चालू आर्थिक वर्षका लागि सरकारले रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण उठाउने लक्ष्य लिएकामा भदौ मसान्तसम्ममा रु एक खर्ब चार अर्ब पाँच करोड ऋण उठाइसकेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले जानकारी दिए। वार्षिक लक्ष्यको तुलनामा यो अवधिको सार्वजनिक ऋण प्राप्ति १८ दशमलव ६६ प्रतिशत बराबर हो।

चालू आर्थिक वर्षका लागि सरकारले सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानी गर्ने प्रयोजनका लागि कुल रु चार खर्ब दुई अर्ब बजेट छुट्याएको छ। भदौ मसान्तसम्ममा रु ४७ अर्ब ७१ करोड ५१ लाख बराबर साँवा र ब्याज भुक्तानी भइसकेको छ। यो अवधिको साँवा र ब्याज भुक्तानी वार्षिक बजेट विनियोजनका आधारमा ११ दशमलव ८४ प्रतिशत बराबर हो। जिडिपीको आधारमा भदौ मसान्तसम्मको कुल ऋण सेवा खर्च शून्य दशमलव ८४ प्रतिशत बराबर हो।

# काठ तस्करले आक्रमण गरी वनकर्मीको गोली लुटे

प्रस, निजगढ, ६ असोज/

कोल्हवी सबडिभिजन वन कार्यालय र तामागढी साझेदारी वन समितिका गस्ती टोलीमाथि आइतवार राति आक्रमण भएको छ। सशस्त्र वनरक्षक जमदार बिन्दा साह र वनहेरालु भीम चौधरीलाई लट्ठीले कुटपीट गरी राइफल खोसी पाँच थान गोलीसहित म्याग्जिन लुटेर लगेको बताइन्छ।

लुटेराहरूले गोली, म्याग्जिन लुटेका तर राइफल भने फालेर गएको अवस्थामा भेटिएको डिभिजन वन कार्यालय, बाराले जनाएको छ। तामागढी साझेदारी वन समितिको वन क्षेत्रको भीम सखुवा आसपासका वन क्षेत्रमा राति हरियो सालको रूख काटिरहेको सूचनाका आधारमा चारवटा मोटरसाइकलमा सातजना वनकर्मी सो क्षेत्रमा गएका थिए। सोही क्रममा कोल्हवी नपाको सोनाभारमा आक्रमण भएको सबडिभिजन वन कार्यालय कोल्हवीका इन्चार्ज अब्दुर करिमले जानकारी दिए।

तस्कर समूहले काठ लैजान सक्ने नाका पहिल्याउने क्रममा सशस्त्र वनरक्षक जमदार बिन्दा साह र साझेदारी वन समितिका वनहेरालु भीम चौधरीमाथि आक्रमण गरी कुटपीट भएको डिवका, बाराले जनाएको छ।

सोही घटनामा संलग्न भएको आशङ्कामा चारजनालाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय, कोल्हवीका प्रहरी निरीक्षक किसन बस्नेतले बताए। डिभिजन वन कार्यालय बाराका प्रमुख राजीव झाले वनकर्मीमाथि आक्रमण गर्नेलाई कानून बमोजिम सजाय हुने बताए।

# दुर्गापूजा समिति गठन

प्रस, पोखरिया, ६ असोज/

पोखरिया नगरपालिका-४ पोखरियामा आइतवार बसेको भेलाले बडादशैंको अवसरमा लाग्ने दुर्गापूजा समिति गठन गरेको छ।

वडाध्यक्ष लछुमनसाह कानूको अध्यक्षतामा गठित ११ सदस्यीय दुर्गापूजा समितिमा उपाध्यक्ष पवन गुप्ता, सचिव रामनरेश कलवार, सहसचिव शम्भु श्रीवास्तव र कोषाध्यक्ष तिलक रौनियार लगायतका सदस्यहरू छन्।



# बैतडीको शिवलिङ्ग केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौं, ६ असोज/रासस

बैतडी जिल्लाको शिवलिङ्ग आसपास केन्द्रबिन्दु भएर भूकम्प गएको छ। राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र, लैनचौरका अनुसार आइतवार दिउँसो २ बजेर ९ मिनेट जाँदा बैतडीको शिवलिङ्ग आसपास केन्द्रबिन्दु भएर चार रेक्टर स्केलको भूकम्प गएको हो।

यस अघि गत असोज २ गते बझाङको माझीगाउँ आसपास केन्द्रबिन्दु भएर भूकम्प गएको थियो। नेपालमा पछिल्लो समय भूकम्प जाने क्रम जारी छ। नेपाल हिमालय क्षेत्र भएको कारणले भूकम्पको जोखिम क्षेत्रका रूपमा लिने गरिएको हो।



**ग्रीनलेकमा राष्ट्रिय झन्डा फराईंदै:** समुद्री सतहदेखि तीन हजार ३०० मिटर उचाइमा रहेको मनाङको ङिस्याङ गाउँपालिका-१, पिसाङस्थित ग्रीनलेक (म्रिङ छो) ताल र आसपासका क्षेत्र अवलोकन गर्न आएका मिस नेपाल वर्ल्ड आश्माकुमारी केसीलगायत ताल परिसरमा राष्ट्रिय झन्डा फहराउँदै। पछिल्लो समय उक्त ताल अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दो छ। तस्बिरः नवीन लामिछाने/रासस

# नेप्से परिसूचक ११ दशमलव ५८ अङ्कले बढ्यो

काठमाडौं, ६ असोज/रासस

यो सातामा कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ। आइतवार नेप्से परिसूचक ११ दशमलव ५८ अङ्कले बढेर दुई हजार ५८८ दशमलव ३५ को अङ्कमा रोकिएको हो।

आज ३२५ कम्पनीका एक करोड २४ लाख ८५ हजार ७३१ कित्ता शेयर ७२ हजार ९५७ पटक खरीद-बिक्री हुँदा रु पाँच अर्ब नौ करोड २९ लाख ४८ हजार ६९० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

वित्त समूह शून्य दशमलव ३१, होटल तथा पर्यटन शून्य दशमलव ६१, उत्पादन तथा प्रशोधन शून्य दशमलव १९, लघुवित्त शून्य दशमलव १८ र म्युचुअल फन्ड शून्य दशमलव १० प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्।

सबैभन्दा बढी बैंकिङ समूह एक दशमलव ०१ प्रतिशतले बढेको छ। विकास बैंक शून्य दशमलव ६६, जलविद्युत् शून्य दशमलव ३१, लगानी शून्य दशमलव ६२ र जीवन बीमा समूह शून्य दशमलव २४ प्रतिशतले बढेका छन्। त्यस्तै, निर्जीवन बीमा समूह शून्य दशमलव ४७, व्यापार शून्य दशमलव ०७ र अन्य समूह शून्य दशमलव ४१ प्रतिशतले बढेका छन्।

इस्टर्न हाइड्रोपावर लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र अपर साङ्गी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य आठ दशमलव ६५ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडे कम्पनीको रु २७ करोड ८० लाख २७ हजार ७१५ बराबरको शेयर खरीद-बिक्री भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने एनएमबी सुलभ इन्भेस्टमेन्ट फन्ड-२ को छ लाख ४७ हजार २०३ कित्ता किनबेच भएको छ।

# ‘पानी रङ्ग’को शहरमा ४७ कलाकारका ५५ कलाकृति प्रदर्शनमा

गण्डकी, ६ असोज/रासस

पानी धेरै पर्ने भएकाले पोखराले नेपालको चेरापूँजी भन्ने उपमा पाउने गरेको छ । क्षणभरमा पानी पर्ने र क्षणभरमा घाम लाग्ने पोखराको विशेषता भएकाले यसलाई नेपालको धेरै पानी पर्ने ठाउँका रूपमा चिनिन्छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण पोखरालाई कलाका क्षेत्रमा ‘पानी रङ्ग’को शहर पनि भनिन्छ ।

माछापुच्छ्रे हिमाल फेवातालमा पौडी खेल्ने यहाँको प्राकृतिक विशिष्टतालाई विभिन्न कलाकार तथा साहित्यकारले आफ्ना कला र साहित्यमा चित्रित गर्दै आएका छन् । कलाप्रेमीले यहाँको सौन्दर्यतालाई कलाका माध्यमबाट प्रस्तुत गर्दै विभिन्न समयमा प्रदर्शनीसमेत गर्दै आएका सिर्जनशील कलाकार समूह पोखराका अध्यक्ष डिबी गुरुङले बताए। समूहको सक्रियतामा कला लक्षित विभिन्न कार्यक्रमका साथै वर्षको एकपटक मनुसन कला प्रदर्शनी गर्दै आइएको उनले जानकारी दिए ।

“समूहको सक्रियतामा बर्सेनि गर्दै आएको प्रदर्शनी अन्तर्गत यस वर्ष असोज ३ गतेदेखि ‘चौथो सामूहिक कला प्रदर्शनी २०८१’ पोखरा आर्ट ग्यालरीमा सञ्चालन भइरहेको छ,” गुरुङले उनले भने, “यस प्रदर्शनीमा अग्रज तथा अनुज पुस्ताका ४७ कलाकारबाट सिर्जित ५५ कलाकृति प्रदर्शनमा राखिएका छन् ।” प्रदर्शनीमा पुगेका जो कोहीले भित्तामा टाँसिएका हरेक कलाकृतिलाई अभिरुचिपूर्वक अवलोकन गरिरहेका उनले बताए ।

देशका विभिन्न स्थान र परिवेशलाई आफ्ना कलामा प्रस्तुत गरिएका कलाकृतिले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिरहेको अध्यक्ष गुरुङले जानकारी दिए। कलाका क्षेत्रमा


तस्वीर: एजेन्सी

लामो समयदेखि अनवरत लागेका बुद्धि गुरुङ, लोकप्रसाद गुरुङ, गोपाल श्रेष्ठ, क्षेत्रलाल कायस्थलगायत अनुज पुस्ताका युवा कलाकारका कलाकृति प्रदर्शनीमा राखिएका उनले उल्लेख गरे ।

प्रदर्शनीमा कलाकार गोपाल दराईले तयार पारेको ओखलढुङ्गाको कलाकृतिदेखि प्राज्ञ नगेन सिंहले तयार गरेका बैतडीस्थित पात्ताल भुवनेश्वर गुफालगायत कलाकृतिले विभिन्न स्थान र परिवेशलाई जीवन्त प्रस्तुत गरेको देखिन्छ। नेपालको गहिरो गुफाका रूपमा पात्ताल भुवनेश्वर परिचित छ। त्यस्तै, वरिष्ठ कलाकार बुद्धि गुरुङको पशुपतिनाथ, सौगात गुरुङको फेवाताललगायत कला प्रदर्शनीका आकर्षण बनेका छन् ।

ग्यालरी छिरिसकेपछि कलाकार जीत गुरुङले तयार गरेका गुरुङ पैडी (ज्योतिषि)को मूर्तिले जो कोहीको मन छुने गरेको छ। गुरुङ समुदायका मानिसले आफ्नो जन्म, मृत्यु, विवाहलगायत संस्कार, शुभ–अशुभ कार्यमा पैडीबाट सेवा लिने विषयलाई उक्त मूर्तिकलामार्फत जानकारी दिन खोजिएको छ ।

हालै उक्त मूर्ति तयार गरेको जानकारी दिँदै कलाकार गुरुङले आफूले यस्ता विभिन्न कलाकृति तयार गरिरहेको बताए । प्रदर्शनीमा डिबी गुरुङले पानी रङ्गमा तयार गरेका कास्कीका पर्यटकीय गुरुङ गाउँहरू घान्द्रुक, ताङ्तिङका कला राखिएका छन् । हिमाली तथा लेकाली जीवनलाई ती कलाकृतिले जीवन्त चित्रण गरिरहेका छन् ।

त्यस्तै, दुर्गा केसीको पदयात्रा, सङ्गीता घिमिरेको बुद्धलगायत कला प्रदर्शनीमा सजाइएका छन्। अमृत परियारले तयार गरेका माछापुच्छ्रे हिमालसँगै रहेको चौरी, लोकप्रसाद गुरुङको रोपाइँ, वामन चालिसेको क्यारिकेचरले समाजका विविधतालाई प्रस्तुत गर्न खोजेको देखिन्छ।

प्रदर्शनी शुरू भएयता अवलोकन गर्न आउने दर्शकको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको युवा कलाकार स्मृति गुरुङले बताइन्। पछिल्ला समयमा कलाकारप्रति धेरै युवाको आकर्षण बढ्दो रहेको पाइएको भन्दै उनले कक्षा १२ को परीक्षा दिएर कला सिकिरहेको जानकारी दिइन्।

पछिल्ला समयमा पठन संस्कृति हराउँदै गएजस्तै कलाप्रतिको आकर्षण पनि घट्दै गएको समूहका अध्यक्ष गुरुङले कलाप्रति युवाको आकर्षण बढाउनु प्रदर्शनीको मुख्य उद्देश्य रहेको बताए । “कला सिर्जनाप्रति पछिल्लो समयमा आकर्षण घट्दै गएको देखिन्छ,” उनले भने, “यसतर्फको आकर्षण बढाउँदै सिर्जनात्मक क्षमता अभिवृद्धि गराउने उद्देश्यले प्रदर्शनी आयोजना गरेका छौं। यसबाट युवामा सकारात्मक प्रभाव रहेको अपेक्षा गरेका छौं ।”

कला क्षेत्रको विकासका लागि करीब दुई दशकदेखि सिर्जनशील कलाकार समूहमा आबद्ध भई विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको अध्यक्ष गुरुङले जानकारी दिए । उनका अनुसार हाल समूहमा ५० जना कलाकर्मी आबद्ध छन्। यही असोज ३ गतेदेखि शुरू भएको प्रदर्शनी असोज ९ गतेसम्म सञ्चालन हुनेछ ।

# रेस्टुराँमा परिकार बनिरहेको अरिङ्गाल किन जोगाउनुपर्छ ?

राम थापा

गण्डकी, ६ असोज/रासस

गाउँघरतिर अरिङ्गाल शिकार गर्नुलाई आँटिलो काम मानिन्छ । अरिङ्गालका गोला पोल्दा अरिङ्गालले टोकेर मृत्यु भएका घटना बेलाबेला सार्वजनिक भइरहन्छन्। ज्यानकै बाजी लगाएर अहिले पनि अरिङ्गालको शिकार गरिन्छ ।

अरिङ्गालको लार्भा स्वादिष्ट र पौष्टिक मानिने हुँदा यसको शिकारमा मानिसहरू लालायित हुन्छन् । पछिल्लो समय होटल र रेस्टुराँमा समेत अरिङ्गालका परिकार पाइन थालेका छन्। कतिपयलाई अरिङ्गाल अर्थोपार्जनको


तस्वीर: एजेन्सी

माध्यम बनेको छ । किराँत समुदायमा त कुलपितृलाई अरिङ्गाल चढाउने चलन नै छ।

विषालु भइकन पनि परागसेचन र पर्यावरणीय सन्तुलनमा मदत पुर्‍याइरहेको अरिङ्गालको अप्राकृतिक ढङ्गले शिकार भइरहेकामा जानकारहरूले भने चासो व्यक्त गरेका छन्। प्राकृतिक कूचीकार र रोगव्याधि नियन्त्रकसमेत मानिने अरिङ्गाललाई संरक्षण गरिनुपर्ने उनीहरूको भनाइ छ।

त्रिभुवन विश्वविद्यालयको प्राणीशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक डा इन्द्रप्रसाद सुवेदीले मौरी प्रजातिमा पर्ने अरिङ्गाल, बारुलालगायत कीराको परागसेचनमा महत्त्वपूर्ण भूमिका रहेको बताए ।

“पर्यावरणीय चक्रमा पनि कीराफटचाङ्ग्राको महत्त्वपूर्ण भूमिका हुन्छ, बारुला र अरिङ्गालले बोटबिरुवामा लाग्ने कीटजन्य रोग नियन्त्रणमा पनि सहयोग गर्छन्,” उनले भने, “प्रकृतिलाई सन्तुलित बनाउने कीरा–फटचाङ्ग्राको संरक्षणमा समुदायमा सचेतना जगाउनु आवश्यक छ।”

व्यवस्थित शिकार गर्दैमा लोप नै हुने खतरा नरहे पनि घातक ढङ्गले शिकार गरेमा भने अरिङ्गाल हराउँदै जान सक्ने उनको भनाइ छ । डा सुवेदीले बासस्थानमा बाधा पुगेको र जिस्काएको अवस्थामा मात्र अरिङ्गालले मानिसलाई चिल्ने गरेको बताए ।

“अरिङ्गालको टोकाइबाट मानिसको मृत्युसमेत हुने भएकाले यसप्रति मानिसहरूमा भयसँगै नकारात्मक धारणा व्याप्त छ,” उनले भने, “असुरक्षा महसूस भयो भने अरिङ्गालले पनि आफ्नो प्रतिरक्षा गर्छ, यो तरीका हरेक जीवजन्तुमा रहेको हुन्छ।” डा सुवेदीले नेपालमा मौरीमा जति अध्ययन/अनुसन्धान बारुला, अरिङ्गालगायत कीरामा हुन नसकेको बताए। प्राकृतिक या मानवीय कारणबाट कीराफटचाङ्ग्रा नासिंदै गएमा पारिस्थितिक पद्धतिमा असर पुग्ने उनको भनाइ छ।

डिभिजन वन कार्यालय, कास्कीका प्रमुख कोमलराज काफ्लेले वनजङ्गलमा पाइने जुनसुकै जीवजन्तु र कीटपतङ्ग नष्ट गर्नु कानूनविपरीत हुने बताए । त्यस्ता क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन–२०२९ अनुसार दण्डनीय मानिने उनको भनाइ छ। “झट्ट सुन्दा कीराफटचाङ्ग्राको विषय सामान्य जस्तो पनि लाग्न सक्छ, तर समुदायमा यसबारे सचेतनाको खाँचो छ, रूखमा आगो लगाएर अरिङ्गालको गोलो निकाल्नु पर्यावरणीय दृष्टिले पनि उपयुक्त छैन।” त्यस्तो कार्य गर्दा कतिपय ठाउँमा रूखका ठूल्ठूला हाँगा र बोटसमेत काट्ने गरिएको उनको भनाइ छ।

प्रमुख काफ्लेले गोरखा, म्याग्दीलगायत ठाउँका होटलहरूले अरिङ्गालका परिकार बेच्न थालेपछि सम्बन्धित जिल्लाका सरोकार भएका पक्षबीच छलफल चलाएको बताए । “तत्काललाई कानूनी कारबाईभन्दा पनि व्यवसायी र स्थानीयवासीहरूमा सचेतना अभिवृद्धि गर्ने निर्णय भएको छ,” उनले भने, “अप्राकृतिक र घातक तरीका अपनाएर अरिङ्गालको शिकार गर्नुहुँदैन।” कार्यालयले विभिन्न स्थलमा उक्त विषयमा सचेतनामूलक सूचनापाटी पनि राखेको प्रमुख काफ्लेले बताए ।

उनले मौरी अग्लो स्थानमा पुग्न नसक्ने हुँदा अग्ला रूख र भीरमा बस्ने अरिङ्गालले बोटबिरुवामा परागसेचन गराउन महत्त्वपूर्ण भूमिका खेल्ने बताए। “अरिङ्गाल गर्मी ठाउँमा पनि बाँच्न सक्ने ज्याद्रो स्वभावको हुन्छ, जलवायु परिवर्तनका कारण पृथ्वीको तापमान बढिरहेका बेला यस्ता कीटपतङ्गले पर्यावरण सन्तुलनमा सहयोग गर्छन् ।” प्रायः अग्ला रूख, पाखा र भीरपहरामा गोलो लगाएर बस्ने अरिङ्गालले आँप, नास्पाती आदिका रूखमा बस्न बढी रुचाउने प्रमुख काफ्लेले बताए ।

चीनलगायत कतिपय देशमा घरघरमैं अरिङ्गालको खेती गर्ने गरिएको उनले बताए । विश्वभर कीटपतङ्गको घट्दो अवस्थाका कारण वनस्पतिजन्य उत्पादनमा ह्रास हुँदै आएको उनको भनाइ छ । अग्ला रूख, वनस्पति तथा स्थानहरूमा अरिङ्गाल, बारुलालगायत परागसेचनको मुख्य माध्यमका रूपमा रहेको प्रमुख काफ्लेले बताए। पर्यावरण संरक्षणका साथै खानेकुराको उत्पादनमा कीराफटचाङ्ग्राको महत्त्वपूर्ण भूमिका रहेको उनको भनाइ छ ।

“सामान्यतया एक गोला अरिङ्गालले एक दिनमा तीन हजारभदा बढी लामखुट्टे तथा हानिकारक कीराहरू खाई प्राकृतिक सन्तुलन कायम गर्न मदत गर्ने अध्ययनले देखाएको छ,” उनले भने, “कीराफटचाङ्ग्रा भएनन् भने परागसेचन हुन नपाई रोगबिरुवामा फल नै लाग्दैन, ती नहुँदा प्रकृति र मानव जाति पनि रहँदैन ।” अरिङ्गालको टोकाइबाट मानिसको मृत्युसमेत हुने भएकाले वनजङ्गलमा रमाइरहेको कीरालाई जभाभावी नजिस्काउन र शिकार नगर्न उनले सुझाए ।

शिक्षण अस्पतालका चिकित्सक मिलेर गरेको एक अनुसन्धानले अरिङ्गालको टोकाइबाट घाइते हुनेमध्ये २५ प्रतिशत मानिसको मृत्यु हुने गरेको प्रमुख काफ्लेले बताए। अरिङ्गालको खिलमा हुने ‘मेलेटिन’ र ‘एपामिन’ नामक विषालु पदार्थले मानिस वा अन्य जन्तुको कोषलाई छेड्ने र रक्तनली हुँदै मस्तिष्कसम्म पुगेर रक्तसञ्चारमा अवरोध गर्ने विभिन्न स्वास्थ्य अनुसन्धानका प्रतिवेदनमा उल्लेख छ।


सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य प्रेम लामिछानेले पछिल्लो समय वनजङ्गलमा अरिङ्गालका गोला कम देखिन थालेको बताए । “अरिङ्गाल पोलेर खाने चलन पहिलेदेखिकै हो, अहिले पनि फाट्टफुट्टरूपमा शिकार गरिन्छ,” उनले भने, “आगो लगाएर बोटबिरुवामैं हानि पुग्नेगरी अरिङ्गालको शिकार गर्नु उपयुक्त छैन, यसतर्फ समुदाय नै सजग रहनुपर्छ ।” वन क्षेत्रका महत्त्वपूर्ण मुद्दा पनि ओझेलमा पारिएको भन्दै उनले पर्यावरणसँग जोडिएका ससाना विषय नियामक निकायहरूको पनि प्राथमिकतामा नपरेको उल्लेख गरे ।

नेपालमा अरिङ्गाल/बारुलाका ११ प्रजाति रहेको बताइन्छ। यी दुई प्रजाति साउनदेखि मङ्सिरसम्म बढी सक्रिय हुने गर्छन् । अरिङ्गालको देख्न सक्ने क्षमता धेरै हुने र याम अनुसार बासस्थान फेर्ने गरेको जानकारहरू बताउँछन्। फुलबाट लार्भा, लार्भाबाट प्युपा र प्युपाबाट वयस्क हुनु अरिङ्गालको जीवनचक्र हो । अरिङ्गालले मौरी, झिङ्गा आदि कीरालाई आहार बनाउने गरेको छ। पहाडी भेगमा रातो र कालो गरी दुई थरी अरिङ्गाल पाइने गरेका छन् ।

## फरक समाचार

# इन्सुलिन प्रतिरोधको सङ्केत

इन्सुलिन एउटा हर्मोन हो, जसले रगतमा चिनीको स्तरलाई नियन्त्रण गर्छ र खानालाई ऊर्जामा रूपान्तरण गर्छ, यो एउटा साँचो जस्तै हो, जसले कोशिकाहरूलाई खोल्छ, तब ग्लुकोज ब्लडस्ट्रिमलाई छाडेर कोशिकाहरूमा जान्छ।




हाम्रो शरीरले ऊर्जा उत्पादन गर्न ग्लुकोज प्रयोग गर्छ । जब हाम्रो शरीरले इन्सुलिनलाई प्रतिक्रिया दिन बन्द गर्छ, त्यो अवस्थालाई इन्सुलिन प्रतिरोध भनिन्छ। यो तब हुन्छ, जब कलेजो, बोसो र मांसपेशीहरूमा उपस्थित कोशिकाहरू इन्सुलिनको प्रतिक्रिया गर्न बन्द गर्छन् ।

**इन्सुलिन प्रतिरोधको सङ्केतः** इन्सुलिन रेसिस्टेन्सले स्वास्थ्यमा धेरै हानि पुर्‍याउन सक्छ, त्यसैले यसको लक्षण तुरुन्तै पहिचान गरी चिकित्सकको सहयोगमा तुरुन्तै उपचार गराउनु राम्रो हुन्छ । भारतकी प्रसिद्ध पोषणविद् अञ्जली मुखर्जीले आफ्नो इन्स्टाग्राम अकाउन्टमार्फत शरीरमा इन्सुलिन प्रतिरोधका लक्षणहरू कसरी पहिचान गर्न सकिन्छ भनी बताएकी छन् ।

**भोक बढ्नुः** जब तपाईंलाई हरेक दुई वा तीन घण्टामा अत्यधिक भोक लाग्न थाल्छ अर्थात् तपाईंलाई केही खान मन लाग्छ, तब बुझ्नुहोस् कि शरीरमा इन्सुलिन प्रतिरोधात्मक क्षमता बढेको छ, जसलाई नियन्त्रण गरिएन भने खतरनाक अवस्था निम्त्याउन सक्छ ।

**टाउको दुखाइः** जब तपाईंलाई अचानक टाउको दुख्न थाल्छ र यो दिनमा धेरैपटक हुन थाल्छ, तब यसले इन्सुलिन प्रतिरोधी क्षमता बढाउने जोखिम हुन सक्छ, कहिलेकाहीं खाना खाँदा टाउको दुख्ने वा अथवा पाँच/छ घण्टासम्म खाना खानुभएन भने टाउको दुख्न सक्छ ।

**मीठो खाने लालसाः** यदि तपाईंलाई खानापछि मिठाइ खाने लालसा हुन्छ र यस्तो राति बारम्बार हुन्छ भने तपाईंको शरीरले इन्सुलिन प्रतिरोधको सामना गरिरहेको छ भन्ने बुझ्नुपर्छ ।

**अनावश्यक तौल वृद्धिः** यदि तपाईंको क्यालोरीको मात्रा बढेको छैन, तैपनि तपाईंको तौल अचानक बढ्न थाल्छ भने यो इन्सुलिन प्रतिरोधको सङ्केत हुन सक्छ, तपाईंले तुरुन्तै चिकित्सकसँग परीक्षण गराउनुपर्छ ।

**चायापोतो आउनेः** चायापोतोलाई पिग्मेन्टेसन पनि भनिन्छ, यदि तपाईंको घाँटी, गाला र हातमा चायापोतो देखिन थाल्यो भने यी इन्सुलिन प्रतिरोधका लक्षण हुन्, जसको उपचार समयमैं गर्नुपर्छ ।

# एक महीना ब्रह्मचर्य पालन गर्दा हुने फाइदा

जसरी यौनसम्पर्क गर्दा धेरै फाइदा हुन्छ, त्यसैगरी ब्रह्मचर्यको नियम पालन गर्दा पनि फाइदा हुन्छ। ३० दिनसम्म ब्रह्मचर्यको नियम पालना गरेमा के–कस्ता फाइदाहरू प्राप्त गर्न सकिन्छ त्यसबारे जानौंः

**ब्रह्मचारी हुनु भनेको के हो :** ब्रह्मचारी हुनु भनेको यौनसम्पर्क नगर्नु हो । यद्यपि प्रत्येक व्यक्तिले यसलाई फरकरूपमा परिभाषित गर्छन् । उदाहरणका लागि, केही व्यक्तिहरू सबै प्रकारका यौन गतिविधिहरूबाट टाढा हुन्छन्, जस्तै तिनीहरू चुम्बन र हात समात्ने जस्ता गतिविधिहरू पनि गर्दैनन् । जबकि कतिपयले ब्रह्मचर्यको नियममा सम्भोग र यौन इच्छा पूरा गर्न हस्तमैथुनलाई मात्र समावेश गर्छन् । जबकि कतिपयले यस्तो पनि गर्दैनन्। ब्रह्मचारी रहने व्यक्तिहरूले निम्न लाभहरू अनुभव गर्न सक्छन्



**तनाव कम हुन्छः** यौन सम्पर्क गर्दा गर्भावस्था र यौन सञ्चारित रोग (STI) को जोखिम हुन्छ। कतिपय मानिसहरू सम्भोग नगरी यी चिन्ताहरूलाई पूर्णरूपमा टाढा राख्न रुचाउँछन्। यस्ता व्यक्तिहरू चुम्बन वा अँगालो लगाउने जस्ता यौन क्रियाकलापहरूमा मात्र सीमित हुन्छन्। यसमा STI को जोखिम कम हुन्छ।

**धार्मिक सन्तुष्टिः** व्यक्तिको मानसिक, शारीरिक र आध्यात्मिक ऊर्जा बढ्छ । यसले उसको आध्यात्मिक विश्वासलाई बलियो बनाउँछ र उसले आध्यात्मिक नियमहरूसँग जोडिएको महसूस गर्छ ।

**ध्यान बढ्छः** यद्यपि सम्भोगबाट टाढा रहँदा तपाईंको दिमाग सीधैं सफा हुँदैन, तर जब केही मानिसहरू सेक्सको बारेमा सोच्दैनन्, उनीहरू अध्ययन वा कार्यालयको काममा बढी केन्द्रित हुन्छन्। ब्रह्मचारी बन्ने विकल्प छनोट गरेर यस्ता व्यक्तिहरू यौन सम्बन्धका बारेमा सोच्न वा योजना बनाउनबाट मुक्त हुन्छन्। तिनीहरू आफ्नो सबै ऊर्जा अध्ययन वा काममा समर्पित गर्छन्, जसले उनीहरूको सफलताको सम्भावना बढाउँछ।

**दुःख हटाउन सहयोगीः** आफ्नो जीवनमा आघात भोगेका वा आफूले धेरै माया गरेको कसैलाई गुमाएका व्यक्तिहरूका लागि ब्रह्मचर्यका नियमहरूले निको हुने प्रक्रियाको रूपमा काम गर्छ। ऊ पूर्णरूपमा आफूलाई निको पार्नमा केन्द्रित हुन्छ।

**खर्चमा कमीः** यदि तपाईं यौन सम्पर्क गरिरहनुभएको छैन भने कन्डम वा गर्भनिरोधक औषधि किन्न आवश्यक छैन।

**ब्रह्मचर्यको बेफाइदाः** ब्रह्मचारी बन्दा कसैलाई बेफाइदा पनि हुन्छ। कतिपयलाई निकै दुःख लाग्न थाल्छ । किनभने उसले शारीरिक आनन्द पाउँदैन र एक्लो महसूस गर्न थाल्छ। यसका कारण कतिपय मानिसलाई चिन्ता र डिप्रेशन हुन सक्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्का : राष्ट्रपतीय निर्वाचनमा दिसानायका ५२ प्रतिशत मतसहित अग्रस्थानमा

कोलम्बो, ६ असोज/एएफपी

श्रीलङ्कामा शनिवार सम्पन्न राष्ट्रपतीय निर्वाचनको प्रारम्भिक मतगणनामा मार्क्सवादी नेता अनुरा कुमारा दिसानायकाले अग्रता कायम गरेका छन्।



अग्रस्थानमा रहेका दिसानायका मतदातालाई अभिवादन गर्दै। तस्वीरः एएफपी

आइतवार बिहानसम्मको मतगणना अनुसार दिसानायकाले १० लाखभन्दा बढी मत अर्थात् ५२ प्रतिशत मत पाएका छन्। विपक्षी नेता साजिथ प्रेमदासा २३.३ प्रतिशत मतका साथ दोस्रो स्थानमा छन् भने रनिल विक्रमासिङ्घे १६ प्रतिशत मतका साथ तेस्रो स्थानमा छन्।

सन् २०२२ मा देखिएको चरम आर्थिक सङ्कटका कारण चलेको आन्दोलनका भरमा तत्कालीन राष्ट्रपति गोटबाय राजपाक्षले राजीनामा गरेपछि उनको स्थानमा त्यहाँको संसद्ले रनिल विक्रमासिङ्घेलाई चयन गरेको थियो। विक्रमासिङ्घेले राजपाक्षको पलायन र राजीनामापछि खाली रहेको राष्ट्रप्रमुखको जिम्मेवारी सम्हाल्दै सङ्कटग्रस्त अर्थतन्त्रलाई ट्र्याकमा ल्याउने काम गरेका थिए।

सन् २०२२ को आर्थिक मन्दीको चरमोत्कर्षमा सत्तामा पुगेका वर्तमान राष्ट्रपति रनिल विक्रमासिङ्घेले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को बेलआउटको शर्त अनुसार कडा मितव्ययिता नीति लागू गरेका थिए।

राष्ट्रपति विक्रमासिङ्घेको कर वृद्धि र आइएमएफको २.९ अर्ब अमेरिकी डलरको बेलआउट अन्तर्गत मन्दीलाई सही दिशा दिन लगाइएका अन्य उपायहरूले लाखौंलाई जीविका चलाउनसमेत कठिन भएको थियो।

गत वर्ष सरकारले विदेशी ऋण नतिरेपछि प्राप्त गरेको अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को उद्धार प्याकेजका शर्तहरूमा पुनः छलफल गर्ने अभियानको क्रममा विक्रमासिङ्घेले गरेका वाचालाई दिसानायकाले निरन्तरता दिने प्रतिबद्धता गरेका थिए।

आठ हप्ता लामो अभियानमा आर्थिक मुद्दाहरू हाबी भएका थिए र दुई वर्ष अघि सङ्कटको चरमोत्कर्षमा पुगेदेखि भोगेका कठिनाइहरूप्रति व्यापक जनआक्रोश देखिएको थियो।

आइतवारसम्म आधिकारिक नतीजा आउने अपेक्षा गरिएको छैन तर विदेशमन्त्री अली साबरीले प्रारम्भिक गणनाले दिसानायकाले जितेको स्पष्ट भएको स्वीकारोक्ति गरेका छन्।

"मैले राष्ट्रपति रनिल विक्रमासिङ्घेका लागि धेरै प्रचार गरे पनि श्रीलङ्काको जनताले आफ्नो निर्णय लिएका छन् र अनुरा कुमारा दिसानायकाका लागि दिएको जनादेशको म पूर्ण सम्मान गर्छु"– साबरीले सामाजिक सञ्जालमा लेखेका छन्। श्रीलङ्काका एक करोड ७१ लाख मतदातामध्ये करीब ७६ प्रतिशतले शनिवार सम्पन्न निर्वाचनमा मतदान गरेका थिए।

सन् १९७० र १९८० को दशकमा दिसानायकाको मार्क्सवादी पार्टीले दुई असफल विद्रोहको नेतृत्व गरेको थियो, जसमा ८० हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो।

उनको दलले सन् २०२० को संसदीय चुनावमा चार प्रतिशतभन्दा कम मत प्राप्त गरेको थियो तर श्रीलङ्काको सङ्कटले ५५ वर्षीय दिसानायकाका लागि देशको नेतृत्व गर्ने अवसर प्रदान गरेको छ। उनले श्रीलङ्काको 'भ्रष्ट' राजनीतिक संस्कृति परिवर्तन गर्ने आफ्नो प्रतिज्ञाको आधारमा समर्थनमा वृद्धि भएको बताएका छन्।

"हाम्रो देशलाई नयाँ राजनीतिक संस्कारको खाँचो छ"–शनिवार मतदान पछि उनले भने।

### मितव्ययिता अस्वीकार

विक्रमासिङ्घेले श्रीलङ्काको आर्थिक मन्दीका बेला अर्थतन्त्रलाई स्थिर बनाउने र महीनौंदेखिको खाद्यान्न, इन्धन र औषधिको अभाव अन्त्य गर्ने कडाइका उपायहरू जारी राख्न नयाँ जनादेशको खोजी गर्दै पुनः निर्वाचनको घोषणा गरेका थिए।

आर्थिक मन्दीका कारण उत्पन्न नागरिक अशान्तिले विक्रमासिङ्घेका पूर्ववर्ती गोटबाया राजापाक्षको कार्यालय परिसरमा हजारौंको सङ्ख्यामा आक्रमण गरेपछि राजापाक्ष देशबाट भागेर विदेशबाट राजीनामा दिएको घोषणा गरेका थिए। विक्रमासिङ्घेले आफ्नो दुई वर्षे कार्यकालमा सडकमा शान्ति बहाल गर्नुका साथै धराशयी बनेको अर्थतन्त्रलाई सही दिशा दिन सफल भएका थिए।

सन् २०२१ देखि २०२२ को बीचमा श्रीलङ्काको गरीबी दर दोब्बर भएर २५ प्रतिशत पुगेको सरकारी तथ्याङ्कले देखाएको छ, जसले गर्दा दैनिक ३.६५ अमेरिकी डलरभन्दा कममा जीवनयापन गर्ने मानिसको सङ्ख्या २५ लाखभन्दा बढी पुगेको छ। रासस



**टपरी बुन्दै विद्यार्थीः** तनहुँको भानु नगरपालिका–८ स्थित मनोहर माध्यमिक विद्यालयका विद्यार्थी आइतवार टपरी बुन्दै। विद्यार्थीलाई अतिरिक्त सीप सिकाउने उद्देश्यसहित विद्यालयले टपरी बुन्न सिकाएको हो। तस्बिरः कृष्ण न्यौपाने/रासस

## मैथिली भाषाको समाचार सेवा शुरू गर्दै रासस

काठमाडौं, ६ असोज/रास

राष्ट्रिय समाचार समितिले चाँडै मैथिली भाषा समाचार सेवा पनि शुरू गर्ने भएको छ। राससले गत माघदेखि नेपालगंज उपमहानगरपालिकाको सहयोगमा स्थानीय 'अवधी' भाषा सेवा सञ्चालन गरिसकेको छ भने रासस मैथिली र नेपाल भाषा सेवा पनि शीघ्र प्रारम्भ हुनेछ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले आइतवार मैथिलीभाषी सञ्चारकर्मी, प्राध्यापक, बुद्धिजीवी, मिथिला चित्रकारलगायत मिथिलाञ्चलका विद्वान्विदुषीसँगको अन्तर्क्रियामा करीब दुई वर्षको अध्ययन–अनुसन्धानपछि नेपालमा दोस्रो धेरै वक्ता भएको मैथिली भाषामा पनि रासस सेवा शुरू गर्न लागिएको र हाललाई उक्त समाचार सेवा निश्शुल्क प्रदान गरिने जानकारी दिए। उनले चालू आर्थिक वर्षमैं सरकारबाट प्राप्त बजेटबाट रासस अवधी, मैथिली र नेपाल भाषा सेवा प्रवाह गरिने बताए।

रासस केन्द्रीय कार्यालयमा आज आयोजित कार्यक्रममा उनले भने, "राससले नयाँ तीनवटा भाषामा दिने सेवाको औचित्य र प्रभावकारिता पुष्टि गर्न हरेक प्रयास गर्नेछ। ती सेवाको दिगोपनका लागि मातृभाषा समाचार कोष स्थापना गर्ने सोचाइ पनि हाम्रो छ।" मैथिलीभाषी बुद्धिजीवीसँगको सल्लाह र सुझाव अनुसार रासस अघि बढ्ने प्रतिबद्धता अध्यक्ष झाले व्यक्त गरे।

त्यस अवसरमा राससका पूर्वमहाप्रबन्धक जयशङ्कर महतो तथा प्राध्यापक, साहित्यकार, बुद्धिजीवी एवं सञ्चारकर्मीहरू रमेशरञ्जन झा, श्यामशेखर झा, गोपालकुमार झा, धर्मेन्द्रकुमार कर्ण, अतुल मिश्र, निमेष कर्ण, राकेश चौधरी, हृदयकान्त झा, कुमार भास्कर, अमरेन्द्र यादव, एससी सुमन, निमेष झा, मोहनकुमार सिंह, रञ्जन झा, रामनारायण महतो, सुरेशकुमार यादव, राजेश मिश्र, डा मञ्चला झा, विजेता कर्ण चौधरी, कञ्चना झालगायत विद्वान्विदुषीले प्रस्तावित रासस मैथिली भाषा सेवाको स्वागत गर्दै मैथिलीभाषी समुदाय, संस्कृति, कला, रहनसहनलगायत विषयलाई राससले प्राथमिकता दिनुपर्ने सुझाव दिए।

उनीहरूले विश्वमा करीब पाँच करोडले बोल्ने मैथिली भाषाको परिमार्जित मानक प्रयोग गर्न सल्लाह दिंदै अनुवादित भाषा मौलिक मैथिलीजस्तै लयात्मक, ग्रहणयोग्य, बुझ्न सकिने र प्रस्ट हुनुपर्नेमा पनि जोड दिए।

छलफलमा राससका नायब महाप्रबन्धकत्रय राजु शाक्य, श्यामप्रसाद रिमाल र सोमनाथ लामिछाने, प्रधानसम्पादक उत्तम सिलवाल, कार्यकारी व्यवस्थापक शीतलप्रसाद महतो र सेवाग्राही शाखा प्रमुख राजाराम कार्कीले मैथिलीभाषीको सहयोग र समर्थनबाट रासस मैथिली भाषा सेवा सफल बनाइने दृढता व्यक्त गर्दै यसलाई निरन्तरता दिन स्थायी जनशक्तिका लागि पहल गरिने बताए।

## मलेशियामा बाल दुर्व्यवहारको अनुसन्धानमा सयौं पक्राउ

क्वालालम्पुर, ६ असोज/एएफपी

मलेशियाली प्रहरीले इस्लामिक समूहद्वारा सञ्चालित हेरचाह केन्द्रमा बालबालिकामाथि भएको दुर्व्यवहारको अनुसन्धानका क्रममा ३५५ संदिग्धलाई पक्राउ गरेको जानकारी दिएको छ।

प्रहरी महानिरीक्षक रज्जारूद्दीन हुसेनले शनिवार ग्लोबल इखवान सर्भिस एन्ड बिजनेस (जिआइएसबी) का बाँकी सदस्य पत्ता लगाउन गरेको अनुसन्धानका क्रममा संदिग्धलाई पक्राउ गरेको बताए। प्रहरीले लामो समयदेखि हाल प्रतिबन्धित अल–अर्काम सम्प्रदायसँगको सम्बन्धका लागि विवादास्पद रहेको (जिआइएसबी) समूहलाई अनुसन्धानको दायरामा राखेको थियो। पक्राउ परेकामध्ये जिआइएसबीका नेता नसिरूद्दिन अलीसहित अन्य ३० जना सदस्य थिए।

प्रहरीले च्यारिटी होम, क्लिनिक, व्यवसाय, धार्मिक विद्यालय र निजी निवाससहित ८२ वटा परिसरमा छापा मारेको रज्जारूद्दिनले बताए। अपरेशनमा कम्तीमा १८६ पीडितको उद्धार गरिएको उनले बताए।

मलेशियाका प्रहरी प्रमुख रज्जारूद्दीन हुसेनले मङ्गलवार अधिकारीले यस समूहसँग सम्बन्धित ९६ वटा बैंक खाता फ्रिज गरेको बताएका थिए, जसमा लगभग १ लाख २४ हजार डलर रहेको थियो। रासस

## हुम्लाबाहेक देशभर डेङ्गी सङ्क्रमण

काठमाडौं, ६ असोज/रासस

हुम्लाबाहेक देशभर डेङ्गी रोगको सङ्क्रमण देखिएको छ। डेङ्गी सङ्क्रमणको जोखिम असोज महीनाभर हुने बताइएको छ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले असोजसम्म पानी पर्ने भएकाले डेङ्गीको जोखिम हुने बताए। "साधारणतया डेङ्गी सङ्क्रमण जेठदेखि असोजसम्म हुने गर्छ," उनले भने, "त्यसपछि जाडोयाम शुरू हुने भएकाले डेङ्गी सार्ने लामखुट्टे क्रमशः हराउँदै जान्छन्।"

प्रमुख डा दाहालका अनुसार अहिलेसम्म देशभर ११ हजार ५४५ जनामा डेङ्गी रोगको सङ्क्रमण देखिएको छ। हालसम्म डेङ्गी रोगको सङ्क्रमणबाट छजनाको मृत्यु भइसकेको छ।



## 'भविष्यका लागि शिखर सम्मेलन'का लागि विश्वका नेता न्यूयोर्कमा

संयुक्त राष्ट्रसङ्घ, ६ असोज/एएफपी

संयुक्त राष्ट्रसङ्घले द्वन्द्वदेखि जलवायुसम्मका २१औं शताब्दीका चुनौतीहरूलाई सम्बोधन गर्ने उद्देश्यले आयोजना गरेको 'सुरक्षित भविष्यका लागि शिखर सम्मेलन (समिट अफ दी फ्युचर)'मा सहभागी हुन विश्वभरका नेताहरू आइतवार न्यूयोर्कमा भेला भएका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेंसले सन् २०२१ मा पहिलोपटक सम्मेलनलाई अन्तर्राष्ट्रिय सहयोगलाई पुनर्जीवित गर्दै मानव इतिहासलाई नयाँ आकार दिने 'एक पुस्तामा एकपटक आउने अवसर'का रूपमा प्रस्ताव गरेका थिए।

मङ्गलवारदेखि शुरू हुने संयुक्त राष्ट्रसङ्घको ७९औं महासभाका बीचमा आयोजना हुने सम्मेलनमा दर्जनौं राष्ट्रका सरकार प्रमुख र प्रतिनिधिहरूले आइतवार सङ्कटग्रस्त विश्व परिस्थितिसँग तालमेल राख्न 'भविष्यका लागि सम्झौता' स्वीकृत गर्ने अपेक्षा गरिएको छ।

सम्झौताको विषयमा अन्तिम समयमा भएको गहन वार्तापछि गुटेरेंसले केही निराशा व्यक्त गर्दै सदस्य राष्ट्रहरूलाई 'साहस' देखाउन आग्रह गरे र आजको खतरालाई प्रभावकारीरूपमा जवाफ दिन सङ्घर्ष गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूलाई बलियो बनाउन 'अधिकतम महत्त्वाकाङ्क्षा'का लागि आह्वान गरेका छन्।

स्वीकृतिका लागि पेश गरिने सम्झौताको पछिल्लो संस्करणमा नेताहरूले परिवर्तनशील संसारसँग तालमेल राख्न 'लामो सङ्कट'को सामना गर्दै वर्तमान र भावी पुस्ताको आवश्यकता र चासोको रक्षा गर्न बहुपक्षीय प्रणालीलाई बलियो बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

लगभग ३० पृष्ठको यो सम्झौताले बहुपक्षवादप्रति प्रतिबद्धता, संयुक्त राष्ट्रसङ्घको बडापत्रको समर्थन र शान्ति स्थापनासहित ५६ वटा कार्यको रूपरेखा प्रस्तुत गरेको छ।

यसले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा सुधारका साथै जलवायु परिवर्तनसँग लड्न, निशस्त्रीकरणलाई बढावा दिन र आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को विकासलाई मार्गदर्शन गर्ने नयाँ प्रयासमा ध्यान केन्द्रित गर्न आह्वान गर्छ।

"सम्झौतामा विभिन्न प्रगतिशील कुराहरू समावेश भएपनि यो महासचिव गुटेरेंसले शुरूमा आह्वान गरेको सम्पूर्ण बहुपक्षवादलाई सुधार गर्ने क्रान्तिकारी दस्तावेज होइन," अन्तर्राष्ट्रिय सङ्कट समूहका रिचर्ड गोवानले दस्तावेजबारे टिप्पणी गरे।

हालैका दिनमा भएको गहन वार्तापछि रूसले अझै पनि शनिवार प्रकाशित पृष्ठको अन्तिम संस्करणमा आपत्ति जनाएको एक कूटनीतिक स्रोतले बताएको छ। सम्झौता स्वीकृत हुने अपेक्षा गरिएको छ, तर ग्यारेन्टी छैन। रासस

### मध्यभोटेकोशीले ...

सबस्टेशन हुँदै राष्ट्रिय प्रणालीमा समाहित गरिने छ। अस्थायी वैकल्पिक व्यवस्था खिम्ती–बाह्रबिसे वा बाह्रबिसे–काठमाडौं प्रसारण लाइन सम्पन्न नभएसम्म रहने छ। उक्त लाइनहरू सम्पन्न भएपछि सोहीमार्फत विद्युत् प्रवाह हुनेछ। जुरे पहिरो, महाभूकम्प, नेपाल–भारत सीमानाकामा भएको अवरोध, भोटेकोशी नदीमा आएको बाढी, कोभिड–१९ को प्रकोप, निर्माण व्यवसायीको कमजोर कार्यसम्पादनले मध्यभोटेकोशीको निर्माण प्रभावित भएको थियो।

आयोजनाको अनुमानित लागत कर्मचारी सञ्चयकोषसँग ऋण सम्झौता हुँदा निर्माण अवधिको ब्याजबाहेक रु १२ अर्ब २८ करोड ३३ लाख रहेको थियो। आयोजनाको शुरूको कुल लागतमध्ये ५० प्रतिशत स्वपूँजीबाट (इक्विटी) र ५० प्रतिशत ऋणबाट जुटाइएको छ।

कम्पनीको जारी पूँजीको ५१ प्रतिशत संस्थापक शेयरधनीमध्येमा प्राधिकरणको १०, चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको ३७, सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी, नेपाल अरनिको हाइड्रोपावर कम्पनी, सिन्धु इन्भेष्टमेन्ट कम्पनीको र सिन्धु भोटेकोशी हाइड्रोपावर लिमिटेडको एक प्रतिशत शेयर रहेको छ।

कुल ४९ प्रतिशत साधारण शेयरधनी समूहमा (कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता कर्मचारीको १९.५, संस्थापक सङ्गठित संस्थाका कर्मचारीको ३.५, ऋणदाता संस्थाका कर्मचारीको एक, सिन्धुपाल्चोकवासीको १० र सर्वसाधारणको १५ प्रतिशत शेयर) रहेका छन्। कम्पनीले साधारण शेयर निष्काशन गरी रकम सङ्कलन गरिसकेको छ। कम्पनीका साधारण लगानीकर्ता १० लाख ७५ हजार छन्।

आयोजनाबाट वार्षिक ५४ करोड २२ लाख युनिट विद्युत उत्पादन हुनेछ। प्राधिकरणले आयोजनाको विद्युत् हिउँद र वर्षायाममा प्रतियुनिट क्रमशः रु आठ रुपियाँ ४० पैसा र चार रुपियाँ ८० पैसामा खरीद गर्नेछ। यसबाट कम्पनीलाई वार्षिक रु दुई अर्ब ८० करोड आम्दानी हुनेछ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – प्रगति | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडापरिश्रम |
| तुला – ज्ञानोदय | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनलाभ |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### उद्योगको सेड बिक्रीमा

लगभग ४०,००० Sq.Ft. को सेड खुलेको अवस्था (Dismantle Condition)मा भएको कोलम, ट्रस र पर्लिन नयाँ सेड यथाशीघ्र बनाउनको लागि उपलब्ध छ। सेड निरीक्षण गरेपछि आफ्नै दररेट राखी तल उल्लिखित व्यक्तिसँग सम्पर्क राख्नुहोला।

सम्पर्कः राजकुमार यादव, मोनं.: ९८५५०२२२७१

# कङ्काली-रानीवास सडक दुई वर्षदेखि अलपत्र

रामेश्वर मेहता, सिम्रौनगढ, ६ असोज/

प्रसिद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल बाराको सिम्रौनगढका कङ्काली-रानीवास सडक विगत दुई वर्षदेखि शुरू भएकोमा अझैसम्म नबन्दा यात्रीहरूलाई समस्या भएको छ।

दुई धार्मिक एवं पर्यटकीय स्थल जोड्ने यो व्यस्त सडकको लम्बाइ १७०० मिटर रहेको र चौडाइ ३६ फिट छ। यो सडक २०७८/९/१४ गतेदेखि निर्माण शुरू भई काम सम्पन्न गर्ने मिति २०८०/९/१२ गते थियो। तर हालसम्म सडकको काम अधूरो छ, जसले गर्दा यात्री, पर्यटक, विद्यार्थी र स्थानीयवासीले सो सडक भएर आवागमन गर्न निकै सास्ती भोग्नुपरेको छ।



तस्वीरः प्रतीक

पहिले यो सडक ढलान भएको थियो तर अहिले ढलानलाई फोडेर बाटोसमेत खराब बनाइएको छ। दिनहुँ हजारौं यात्री, विद्यार्थी, पर्यटक र बजार गर्नेहरूलाई जोखिमपूर्ण बाटोबाट यात्रा गर्नुपर्ने हुन्छ। यस सडकमा दिनहुँ सानातिना दुर्घटना भइरहन्छन् भने वर्षायाममा यो सडकको अवस्था झनै दयनीय हुने गरेको छ।

सडक निर्माणको ठेक्का रायमाझी/आजाद/दीपु जेभी काठमाडौंले पाँच करोड ८१ लाख १७ हजार ९७७ मा सकार गर्दै गत वर्ष पुस १२ गतेसम्म सम्पन्न गर्न सकार गरेको थियो। यो सडक पूर्वाधार विकास कार्यालय कलैयाको आयोजनामा बन्दैछ।

यसबारे पूर्वाधारका इन्जिनीयर आरती चौधरीले रकम निकासा नभएकोले सडक निर्माण कार्यमा ढिलाइ भएको बताइन्। उनले रकम निकासा भएको खण्डमा छठ पर्वको शुरूतिर काम पुनः सुचारु हुने बताइन्।


## डेङ्गीका लक्षणहरू:

- एक्कासि ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी, मांसपेशी र ढाड दुख्नु,
- शरीरमा बिमिरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाकवाकी लाग्नु, बान्ता हुनु,

यस्ता लक्षणहरू देखिएमा तत्काल स्वास्थ्यकर्मीहरूसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## सम्पादक श्रेष्ठ पुरस्कृत

प्रस, पोखरिया, ६ असोज/

प्रतीक दैनिकका सम्पादक खड्गबहादुर श्रेष्ठ (प्रताप) प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका छन्।



प्रेस काउन्सिल नेपालद्वारा आइतवार राष्ट्रपति भवन शीतल निवासमा आयोजित पुरस्कार वितरण कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले पत्रकार श्रेष्ठलाई खादा ओढाएर, प्रमाणपत्रसहित नगद रु १२ हजारबाट पुरस्कृत गरेका थिए। सो अवसरमा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत, सदस्य लालबाबू शेखलगायतको सहभागिता थियो।

## विकासलाई ...

सम्झौता गरेको आरोप लगाएका थिए।

सङ्गठन विस्तार गर्न पार्टीका नेता तथा कार्यकर्तासँग मुलुकको समसामयिक राजनीतिक परिस्थिति, पार्टीको नीति र आगामी रणनीतिबारे पनि जानकारी गराएका थिए। पर्सा निर्वाचन क्षेत्र १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहेका मन्त्री यादवले स्थानीयस्तरमा देखिएका विकास निर्माणका चुनौतीहरू, विशेषगरी खानेपानी र सरसफाइका समस्याहरू समाधान गर्न पार्टीका जनप्रतिनिधिहरूसँग छलफल गरेका थिए।

कार्यक्रममा नेता तबरेज अहमदले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको नकारात्मक नेतृत्व शैलीले आफू र अन्य नेताहरूलाई पार्टी छोड्न बाध्य बनाएको बताएका थिए। "जसपा नेपालमा रहँदा जनताका समस्याहरूलाई प्राथमिकतामा राखेर काम भएको देखिनँ। पार्टीले जनअपेक्षा अनुसार प्रगति गर्न सकेन, त्यसैले मैले जसपा पार्टीमा प्रवेश गर्ने निर्णय गरें," नेता अहमदले बताए।

पर्सागढी वडा नं ६ का अध्यक्ष नवलकिशोर साह, वडाध्यक्ष रामबढाइ यादव, असलम आलम, वडाध्यक्ष तुफान अन्सारी, नेता असलम अन्सारी, विद्यार्थी नेता एजाजबाबू राकी, डा आमिर आलम, आमिर मन्सुरीलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## एशियन कराँते च्याम्पियनशिपमा एरिकालाई रजत पदक

काठमाडौं, ६ असोज/रासस

२०औं एशियन सिनियर कराँते च्याम्पियनशिपमा नेपालकी एरिका गुरुङले रजत पदक प्राप्त गरेकी छन्।

चीनको हाङ्जाउमा आइतवार भएको खेलमा ६८ किलोमाथिको तौल समूहको फाइनल खेलमा एरिका भियतनामकी नाओन थि नुयेनसँग ६-० अङ्कले पराजित भइन्। यस अघि सेमिफाइनल खेलमा उनले थाइल्यान्डकी केवलिन सोङगलिनलाई ८-० अङ्कले हराउँदै फाइनलमा स्थान बनाएकी थिइन्।

एशियन कराँते फेडरेशनले आयोजना गरेको एशियन च्याम्पियनशिपमा एरिकाले प्राप्त गरेको रजत पदक नै नेपालका लागि पहिलो हो। अहिलेसम्म कुनै पनि नेपाली खेलाडीले एशियन सिनियर कराँते च्याम्पियनशिपमा पदक जित्न सकेका छैनन्। एरिकाले प्रि-क्वाटरफाइनलमा फिलिपिन्सकी इसाबेल अरियन्ने ब्रिटोलाई ४-० अङ्कले पराजित गरेकी थिइन्। उनले क्वाटरफाइनल खेलमा कजाकिस्तानकी सोफिया बेरुल्टसेभालाई पराजित गरेकी थिइन्।

# तारजालीमा करेन्ट लागेर हात्तीको मृत्यु

प्रस, निजगढ, ६ असोज/

स्थानीयले धानबाली जोगाउन खेतबारीमा लगाएको विद्युत् प्रवाहयुक्त तारजालीमा करेन्ट लागेर आइतवार रात बारामा एउटा जङ्गली हात्तीको मृत्यु भएको छ। कोल्हवी नगरपालिका-२ भलुवाहीखोरस्थित वन क्षेत्रसँग जोडिएको ऐलानी जमीनमा स्थानीय रमेश डिसीले खनजोत गरी विद्युत् प्रवाहयुक्त तारजाली लगाएर धानखेती गरेका र सोही खेतको उत्तर-पूर्वतर्फ करीब १८ वर्ष उमेरको भाले जङ्गली हात्ती करेन्ट लागेर मृतावस्थामा स्थानीयले देखेर स्थानीय जनप्रतिनिधिहरूलाई खबर गरेका थिए।

हात्तीको सुँडमा मसिनो जिआई तार बेरिएर अड्किएको र मुखबाट हल्का रगतसँगै फिज पनि आएको अवस्थामा मृत फेला परेको थियो। घटनास्थलबाट करीब दुई सय मिटर पश्चिमतर्फ रहेको सन्तमान विकको घरनजीकै रहेको विद्युतीय पोलबाट धानलगायतका बालीहरू जङ्गली जनावरहरूबाट सुरक्षित राख्ने मनसायले करेन्ट जडान गरी तारबार गरिएको र सोहीमा हात्ती परेर मृत्यु भएको हो।

सन्तमानको घरको आँगनमा तारको हुक, विद्युत् पोलको तारमा अड्काउन बासको लामो लट्ठीसमेत प्रयोग गरिएको



डिभिजन वन कार्यालय सिमराका सशस्त्र वनरक्षक जमदार नागेन्द्र बैठाले बताए।

सन्तमानले भने सो बासको लट्ठी आफ्नो नभएको र अरू कसैले ल्याएर राखिदिएको प्रारम्भिक बयानमा बताएका छन्। उनले दिउँसो हात्ती आएको हल्लाले आफू साँझै खाना खाएर सुत्न गएको बताए।

घटनास्थलमा हेर्दा तारमा करेन्ट प्रवाह गरेका कारण हात्तीको मृत्यु भएको देखिन्छ। तर यसको यकीन विवरण भने शल्यपरीक्षण प्रतिवेदनबाट खुल्ने डिएफओ राजीव झाले बताए।

हात्तीको ज्यानै जाने गरी भएको घटना निकै दुःखदायी भएको भन्दै वडाध्यक्ष गोपाल अधिकारीले यस्ता घटना नदोहोरियोस् भनेर सचेतनामूलक कार्यक्रम गर्ने बताए। पर्सा राष्ट्रिय निकुञ्ज आधाभार बाराका सहायक वार्डेन सन्तोष भगत, हात्ती विशेषज्ञ लालबाबू चौधरीसहितको टोलीले शल्यपरीक्षण गरेका थिए।

# सोना एकेडेमीका प्रअ साहमाथि बाल हिंसासम्बन्धी मुद्दा दर्ता

प्रस, परवानीपुर, ६ असोज/

बारा, कलैयाका एक निजी



प्रअको कुटाइबाट नीलडाम भएको देखाउँदै बालिका। इनसेटमा प्रअ साह। तस्वीरः प्रतीक

विद्यालयका प्रधानाध्यापकमाथि बालहिंसासम्बन्धी मुद्दा दर्ता भएको छ।

कलैया उपमहानगरपालिका-६ बसपार्क जाने बाटो क्षेत्रमा सञ्चालनमा रहेको सोना एकेडेमीका प्रअ अमितकुमार साहमाथि बाल हिंसासम्बन्धी मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए।

बारा प्रहरीका प्रवक्तासमेत रहेका सापकोटाका अनुसार भदौ १८ गते बिहान ११ बजे गणित विषय पढाइरहेका बेलामा सातको पहाडा विद्यार्थीले पाठ गर्न नसक्दा उनले निर्मम तरीकाले कुटेका थिए। बारा, देवताल गापा-६ रहुवाही बस्ने उपेन्द्र पटेलकी छ वर्षीया छोरी एलकेजीमा अध्ययनरत मानवी पटेललाई प्रअ साहले प्लास्टिकको पाइपले दुवै हातखुट्टा र टाउकोमा हिर्काएका थिए। कुटाइबाट गम्भीर घाइते भएकी विद्यार्थीले अभिभावकसँग घटना सुनाउँदा सोको भोलिपल्ट जिल्ला प्रहरी कार्यालय, बारामा कारबाईको लागि उजूरी दर्ता भएको थियो। मुद्दा दर्ता भएर आज बारा प्रहरीले प्रअ साहलाई पक्राउ गर्न जाँदा प्रअ साहका बुबा श्रीनारायण साह तेलीको परिवारले होहल्ला गरेर सुरक्षाकर्मीलाई फिर्ता पठाएका थिए।

यस विषयमा बारा प्रहरीका प्रनाउ सापकोटाले मुद्दाका प्रतिवादीलाई यथाशीघ्र पक्राउ गरी आवश्यक कारबाई अगाडि बढाउने बताएका छन्। निर्मम तरीकाले कुट्दा विद्यार्थीको स्वास्थ्यमा नकारात्मक असर परेको मानवीका काका विनोदकुमार पटेलले बताए।

# नेरामावि बर्वाटाडीका प्रअको बिदाइ

नरेश यादव, पर्सागढी ६ असोज/

पर्सागढी नगरपालिका वडा नं ४




तस्वीरः प्रतीक

बर्वाटाँडीस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्राध्यापक रामबहादुर चौधरीको बिदाइ गरिएको छ।

३३ वर्षदेखि प्रअको रूपमा सेवा दिंदै आएका चौधरीको आज अवकाश भएको छ भने नयाँ प्रअ विद्यालयका शिक्षक रामनारायण पटवारीलाई नियुक्त गरिएको छ।

कार्यक्रममा नगरप्रमुख गोकर्ण पाठकले प्रअ रामबहादुर सर र म २०३२ सालमा सँगै यसै विद्यालयमा पढेर एसएलसी दिएको बताए। उनले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र शिक्षकशिक्षिकाहरूको सहकार्यमा विद्यालयको अध्यापन अझै स्तरीय बनाउन जोड दिए।

नगरप्रमुख पाठकले पर्सागढीमा आधारभूत, निमावि, मावि गरी ३९ वटा सामुदायिक विद्यालय र केही संस्थागत विद्यालय रहेको बताए। कार्यक्रममा उपप्रमुख पूजा चौधरीलगायतले मन्तव्य राखेका थिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओसियर मियाँको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष शेख खुर्सेद, जङ्गबहादुर दास थारू, अच्छेलाल यादवलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत मन्तव्य प्रअ योगेन्द्र चौधरी र सहजीकरण शिक्षक कृष्ण श्रेष्ठले गरेका थिए।